जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक ३०, २०७६ साल मंसिर १३ गते शुक्रबार, नेपाल संवत् ११४० (Nov. 29, 2019) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

## जिल्ला बालभेला



काठमाडौं । पूर्व वालक्लबका सदस्यहरुले स्थापना गरेको अवाजका साथ युवाले आयोजन गरेको जिल्ला बाल भेला एवं क्षमता अभिवृद्धि कार्यक्रम भक्तपुरमा हालै सम्पन्न भएको छ .

अन्तर्राष्ट्रिय बालअधिकार दिवस २०१९ को बाँकी ८ पेजमा

## दुतावासअगाडि नै नाराबाजी

काठमाडौं । नेदरल्यान्डको हेगस्थित भारतीय दुतबासअगाडि नेदरल्यान्डबासी नेपालीहरुले भारतीय हस्तक्षेपविरुद्ध नाराबाजी गरेका छन् । उनीहरुले छिमेकीको नाममा चरम ज्यादती गर्दै आएको भारतलाई मित्रवत व्यवहार गर्न आग्रह गरेका छन् ।

स्थानीय प्रहरीले ज्ञापन र नाराबाजी दुवै नगर्न र दुईमा एक गर्न भनेपछि नाराबाजी गर्दै ज्ञापनपत्र हुलाकमार्फत बुझाउने सहभागीहरु बताउँछन् । भारतीय विस्तारवादविरुद्ध समाजसेवी तथा एन्आरएनए नेदरल्यान्डका उपाध्यक्ष हेमकुमार भुजेलले बाँकी ८ पेजमा

# कालापानी प्रकरण : ओली, देउवा उत्तिकै जिम्मेवार

काठमाडौं । कालापानी प्रकरण यतिबेला चुनावी मुद्दा बनेको छ । राष्ट्रियताको विषयलाई चुनावी मुद्दा नबनाउन कार्यकारी अधिकार प्राप्त डबल नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सुझाएका छन् । राष्ट्रियता जस्तो संवेदनशील विषयलाई निर्वाचनमा उठाएर राष्ट्रघाती दलहरुको चरित्रलाई जनतामाझ पर्दाफास गर्नैपर्छ । राष्ट्रियताको अहं मुद्दा थाँती राखेर बाटोघाटो, कुलो पैनी, स्कुल, कलेज पुलपुलेसाका मात्र निर्वाचनमा चर्चा गर्नु व्यर्थ छ । राष्ट्र रहे त निर्वाचन । भारतले अलि अलि गर्दै नेपाल निल्न थालिसक्यो । निर्वाचनमा राष्ट्रिय अखण्डताको विषय नै नउठाउने हो भने नेपाली नयाँ लेण्डुपहरुले नै चुनाव जित्छन् । किनकि उनीहरुसँग सत्ता, शक्ति र पैसा छ । भारतीय विस्तारवादको निन्दा गर्दै कालापानीको विषय निर्वाचनमा उठाएर भारतपरस्तहरुको भण्डाफोर गर्न राष्ट्रवादी व्यक्ति र शक्ति पछि पर्न हुन्न । भारतसामु आत्मसमर्पण गर्ने कथित राष्ट्रवादीहरुको दोहोलो काढ्ने मौका हो अहिलेको उपनिर्वाचन ।

नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले पोखराको एक आमसभालाई सम्बोधन गर्दै भारतले हालै जारी गरेको आफ्नो राजनीतिक नक्सामा नेपालको लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई गाभेको विषयमा खरो भनाइ राखे । देउवाले प्रधानमन्त्री ओलीकै सहमतिमा भारतले कालापानी क्षेत्रलाई आफ्नो मानचित्रमा समेटेको गम्भीर आरोप लगाए । देउवा चारपटकसम्म मुलुकका प्रधानमन्त्री भइसकेका व्यक्ति हुन् । अहिले प्रमुख प्रतिपक्षी दल कांग्रेसका सभापति र विपक्षी दलका नेता समेत हुन् । देउवाले केही थाहा पाएरै ओलीमाथि आरोप लगाएका हुन् वा चुनावी माहौल तताउन र कांग्रेसप्रति आकर्षित गराउन कालापानी प्रकरण उठाएका हुन् त्यो चर्चाको विषय बनेको छ । उनले ओलीमाथि राष्ट्रघातको निशाना साँधेपछि ओली क्याम्पमा ठूलै रेक्टर स्केलको भूमक्प गयो । सरकारका प्रवक्ता सूचना सञ्चार तथा प्रविधि मन्त्री गोकुल बाँस्कोटाले देउवाको आरोपप्रति घोर आपत्ति जनाए । उनले कालापानीको विषयमा सरकारले भारतलाई कूटनीतिक नोट पठाएको भन्दै प्रधानमन्त्रीको बचाउ गरे । नाकाबन्दीका बेलाको ओलीको राष्ट्रवाद अहिले भारतसामु लम्पसारवादमा रुपान्तरित भएको भन्न समेत देउवाले बाँकी राखेनन् ।

देउवाजस्तो अनुभवी र पाका नेताले



प्रधानमन्त्री ओलीमाथि राष्ट्रघातको संगीन आरोप लगाएपछि देउवाको राष्ट्रवादको पनि नालीबेली पर्गेल्न थालिएको छ । कालापानीको विषय नयाँ होइन । सन् १९६२ देखि भारतले अतिक्रमण गरेको कालापानीको नेपाली भूभाग फिर्ता ल्याउन देउवाले आफू प्रधानमन्त्री हुँदा कहिल्यै गरेनन् । राजा महेन्द्र, वीरेन्द्र, ज्ञानेन्द्रदेखि प्रचण्ड, केपी ओलीसम्म आइपुग्दा कालापानीको घाउ आलै छ । अतिक्रमित नेपाली भूभागका विषयमा न त राजाहरुले भारतसँग कुरा उठाए न त नेताहरुले । ऋषिकेश शाह परराष्ट्र मन्त्री भएका बेला राजा महेन्द्रलाई कालापानीमा भारतले सैन्य क्याम्प राखेको विषय अवगत गराउँदा पनि महेन्द्रले 'अहिलेलाई छोडिदेउ' भनेको सुन्नमा आइरहेको छ । इन्डो, चीन युद्धका बेला भारतको विदेश मन्त्रालयले पत्र नै पठाएर राजा महेन्द्रसँग सामरिक महत्वको कालापानीमा भारतीय सैन्य क्याम्प बस्न आग्रह गरेको जानिफकारहरु बताउँछन् । त्यसबेलाको भारतले कालापानी मागेको पत्र छ छैन भन्नेबारे सरकारले नेपाली जनतालाई बताएको छैन । यदि राजा महेन्द्रले कालापानीमा पञ्चायतको सौदाबाजी गरेका भए भारतले प्रमाण पछ्यारिसक्थ्यो । राजादेखि नेताहरुसम्म कालापानीका सवालमा उत्तिकै जिम्मेवार छन् ।

देउवा चारपटक प्रधानमन्त्री हुँदा पटक पटक दिल्ली दौडाहामा गए । उनी सुदूरपश्चिमका नेता हुन् । ओलीको झापाभन्दा देउवाको डडेलधुरा दार्चुलाको नजिक पर्छ । यही जिल्लामा अवस्थित छ कालापानी । देउवाले कहिल्यै आफ्ना समकक्षी भारतीय प्रधानमन्त्रीसँग कालापानीको विषय उठान गरेनन् । अहिले भारतले कालापानी क्षेत्रलाई आफ्नो सम्प्रभु क्षेत्रको रुपमा नयाँ राजनीतिक नक्सामा देखाएपछि नेपाली मिडियाहरुले प्रथमतः आवाज उठाए । त्यसपछि जनस्तरबाट भारतीय भौगोकिल विस्तारवादको सडकबाट विरोध भयो । अनि मात्र सरकार बोल्न बाध्य भयो, कालापानी नेपालकै हो । तर सरकार विवाद सामधान गर्न चलायमान कूटनीतिक पहलमा अझै उत्रिएको छैन । एउटा कूटनीतिक नोट पठाएर सुताइरहेको छ । सरकारको कूटनीतिक सुस्तता देखेर देउवाले ओलीकै सहमतिमा कालापानीलाई भारतले आफ्नो नक्सामा समेटेको लख काटेको हुन सक्छ । उनले ओलीको राष्ट्रवाद कालापानीमा चिप्लिएको जसरी देखे उनी प्रधानमन्त्री हुँदा यस विषयलाई किन उठाएनन् ? महाकाली सन्धि हुँदा देउवा नै प्रधानमन्त्री थिए । त्यसबेला महाकालीको मुहानबारे प्रस्ट नभई किन उनले सन्धिमा हस्ताक्षर गरे । गिरिजाप्रसाद कोइरालाले गरेको टनकपुर सन्धिको राष्ट् गिरिजाप्रसाद कोइरालाले गरेको टनकपुर सन्धिको राष्ट्रघातलाई दिल्लीमा गएर सन्धि गरी किन निरन्तरता दिए ? उक्त सन्धि संसदबाट पारित गराउन ओलीले खेलेको भूमिका र देउवाको हतारोको संयोग मात्र थियो ? त्यत्तिबेलै कालापानी क्षेत्र भारतलाई छोड्ने सहमति भएको हुन सक्छ । यदि त्यसो हो भने देउवा पनि कालापानी प्रकरणमा त्यत्तिकै जिम्मेवार छन्, जति ओली, महाकाली सन्धिकै लागि तत्कालीन एमाले महासचिव मदन भण्डारीको रहस्यमय हत्या गरियो । भण्डारीले गिरिजाले गरेको टनकपुर बाँकी ८ पेजमा

## बालबालिकालाई अग्रेजीको भारी

**गोविन्द विश्वकर्मा**

अधिकांस अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई दुखजिलो गरेर भएपनि बोडिङ स्कूल नै पढाउन रुचाउछन । गाउबाट शरहतिर बसाइ सर्नुको एउटा कारण नै बालबच्चा बोडिङ स्कुलमा पढाउने रहेको पाइन्छ । सामान्यतया सामुदायिक विद्यालयमा एउटा अग्रेजी अरु सबै विषय नेपाली तर बोडिङ स्कूलमा एउटा विषय नेपाली तर अरु सबै अग्रेजी पढाइ हुन्छ । आफ्ना छोराछोरी फरर अग्रेजी बोलेको सुनेर अभिभावक गर्भले छाती फुलाउने गर्छन । नफुलाउन पनि कसरी नेपाल बसेर केही हुदैन विदेशै जाने हो विदेश जानलाई अंग्रेजी राम्रो चाहिन्छ । तर स्कुलमा पनि अग्रेजी घरमा पनि अग्रेजी जतातत्तै अग्रेजी यसले आज हाम्रा बालबालिकाहरुलाई कतातिर लादैछ ? कुन संस्कार सिकाउदैछ ? के हाम्रो पहिचानलाई यसले जिवित राख्न मद्दत गर्छ ? भाषा बाँकी ८ पेजमा

## कन्सोर्टियममा थापा



काठमाडौं । यस ग्रेटर नेपाल साप्ताहिकका प्रबन्ध सम्पादक, सुरेन्द्र ढकाल फाउण्डेसनका सचिव तथा बालअधिकारकर्मी किरण थापा बालसहभागितामा कार्यरत संस्थाहरुको सञ्जाल कन्सोर्टियमको अध्यक्षमा निर्वाचित हुनु भएको छ ।

विगतमा उनी यसै बाँकी ८ पेजमा

## सहयोग प्रदान




काठमाडौं । गत मंसिर ६ गते शुक्रबार सुरेन्द्र ढकाल फाउण्डेसनले मोटर साइकल दुर्घटनाको कारण निधारको हाड फुटी सिकिस्त भएका मण्डनपुर गाउपालिका वडा नं ९ काभ्रे निवासी सुशिल नेपाललाई रु २० हजारको सहयोग प्रदान गरेको छ ।

उक्त सहयोग रकमको चेक फाउण्डेसनका अध्यक्षले पीडितका दाइलाई हस्तान्तरण गर्नुभएको थियो । उक्त सहयोग मण्डनपुर गाउँपालिकाको लिखित सिफारिस, पीडितको अवस्था चिन्ताजनक भएको नोर्भिक अस्पतालको प्रतिवेदन तथा वालविकास समाजका कर्मचारी दीपेन्द्र पराजुलीको मौखिक निवेदनको आधारमा गरिएको थियो ।

## नेपालको वास्तविक नक्सा सार्वजनिक

काठमाडौं । सीमा बचाउ अभियान नेपालले लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटिएको नेपालको नक्सा सार्वजनिक गर्दै नेपालको सीमा लीम्पियाधुरासम्म कायम गर्न माग गरेको छ । साथै नेपालको सीमा लिम्पियाधुरासम्म कायम गर्न माग गर्दै सरकारको ध्यानाकर्षण गराएको छ । वरिष्ठ पत्रकार भैरव रिसालको संयोजकत्वमा बनेको समितिले एक पत्रकार सम्मेलन गर्दै नक्सा सार्वजनिक गरेको हो । समितिमा अनुसन्धानकर्ता डा. द्वारिकानाथ ढुंगेल र त्रिभुवन विश्वविद्यालय भूगोल विभागका प्रा.डा.नरेन्द्रराज खनालसहित भूगोलविद सम्मिलित छन् । समितिले लिम्पियाधुरालाई कालीनदीको उद्गमस्थल मानेर नक्सा बाहिर ल्याएको हो ।

नक्सा बनाइँदा सुगौली सन्धिताकाको नक्सा र ०१८ सालको जनगणनाको आधार मानिएको छ । सुगौली सन्धिमा पश्चिम सीमा कालीनदीसम्म भएको




प्रस्ट छ । सन् १९११ को गढुवालको गजेटलाई नक्साको आधार बनाइएको छ । पश्चिममा सक्कली काली र उत्तरमा पानीढलो अर्थात् लेकैलेक लगेर नक्सा जोडिएको छ । सक्कली कालीनदीको पश्चिममा कालापानी रहेको पाइएको भूगोलविद् प्रा.डा. नरेन्द्रराज खनालले बताए । सन् १८२० देखि १८५६ सम्मका नक्सामा कालीनदीको मुहान लिम्पियाधुरा नै उल्लेख छ । सन् १८५६ पछिका नक्सामा भारतले कालीनदीलाई कुटिया नदी भन्न थालेको पुराना नक्सा तथा तथ्य प्रमाण देखिन्छ

सीमा बचाउ अभियानका अभियानकर्ताहरुले भूमि बचाउनका निम्ति विभिन्न माग राखेर भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मकुमारी अर्याललाई बुधबार ज्ञापनपत्र बुझाएको छ । अभियानकर्ताहरुले सुगौली सन्धिका आधारमा लिम्पियाधुरासम्म नेपालको सीमा रखेको तथ्य र प्रमाणका आधारमा तत्काल नक्सासहित श्वेतपत्र जारी गर्न सरकारसँग माग गरेका छन् । उनीहरुले सरकारले देशव्यापी रुपमा त्यसको विवरण तथा विदेशमा रहेका नियोग तथा नेपालका मित्रहरु समेतलाई सो नक्सा उपलब्ध गराउन आग्रह गरे । भारतले हालै प्रकाशित गरेको नक्साप्रति औपचारिक रुपमा विरोध जनाएर उक्त नक्सा फिर्ता लिनुपर्ने बताए ।

ज्ञापनपत्रमा अवैध रुपमा कब्जा जमाइएको क्षेत्रबाट सेना वा अर्धसैनिक बल हटाउन र लिम्पियाधुरासम्म आफ्नो अधिकार जनाई नेपाल सरकारबाट भारत सरकारलाई बाँकी ८ पेजमा

## भारतको उक्साहटमा चीन विरोधी गतिविधि

काठमाडौं । भारतले नेपाली सीमा मिचेको विषय राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय रुपमा चर्चित बनिरहेको छ । सानो छिमेकी देश नेपालको भूमिमाथि भारतको गिद्देदृष्टि सर्वत्र आलोचनाको विषय बनेको छ । नेपाली भूमि कालापानी क्षेत्र भारतीय नक्सामा राखेपछि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको विश्वभर छरिएर रहेका नेपालीले विरोध गरेका छन् । भारतीय शासकको विरोध चर्किन थालेपछि तराई मधेसका केही ठाउँमा त्यसलाई अर्कैतिर मोड्ने उद्देश्यले चिनियाँ राष्ट्रपतिको विरुद्धमा नाराबाजी गराउने र चिनियाँ झन्डा जलाउनेसम्मका हर्कत गरिएका छन् । यस कार्यमा भारतीयको घूसपैठ र प्रमुख भूमिका रहेको स्थानीय व्यक्तिहरु बताउँछन् । भुइँचालो साप्ताहिकका सम्पादक तथा वरिष्ठ पत्रकार राम रिझन यादव नेपाल र चीनका बीच खासै समस्या बाँकी ८ पेजमा

## कलाकारको ज्ञापनपत्र

काठमाडौं । विभिन्न संघसंस्थामा आबद्ध कलाकार तथा संस्कृतिकर्मीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई सम्बोधन गर्दै काठमाडौंस्थित भारतीय दुतावासमा ज्ञापनपत्र बुझाएका छन् ।

'सीमा बचाऔं संयुक्त सांस्कृतिक अभियान' अन्तर्गत जनसांस्कृतिक महासंघ नेपाल, नेपाल सांस्कृतिक संघ, रक्तिम सांस्कृतिक अभियान, समाजवादी सांस्कृतिक महासंघ, नेपाल चलचित्र कलाकार संघ, नेपाल चलचित्र निर्देशक समाजसहित विभिन्न संघसंस्थाका पदधिकारीले भारतीय दुतावासमा संयुक्त रुपमा ज्ञापनपत्र बुझाएका छन् ।

हालै सरकारको गृहमन्त्रालय र नापी विभागले जारी गरेको भारतको राजनीतिक नक्सामा नेपालको दार्चुलामा पर्ने नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरालाई बाँकी ८ पेजमा

## समय सन्दर्भ

## समृद्धिका आधारभूत सूचक

■ घनश्याम ओली

नेपालको नयाँ संविधान २०७२ को धारा १६ ले कुनै पनि व्यक्तिलाई स्वतन्त्रतापूर्वक बाँच्न पाउने हकको व्यवस्था गरेको छ । तर व्यवहारमा अझै त्यस्तो पाइएको छैन । मान्छेको न्यूनतम आधारभूत आवश्यकता भनेको गाँस, बास र कपास अर्थात् खान, लाउन र बस्ने बासको व्यवस्था नै हो । सरकारले रोजगारीको वातावरण सिर्जना गर्न नसके पनि केही व्यवसाय गरेर खान सक्ने वातावरण सिर्जना गरोस् । पानी, बिजुली, सडक, यातायात, खाद्यान्न, फलफूल, तरकारी, औषधि, स्वास्थ्योपचार सहज रुपमा उपलब्ध होस् । बिहान बेलुका चुल्हो बाल्न ग्यास आपूर्ति सहज होस । शान्तिसुरक्षाको प्रत्याभूति होस् । यतिमात्र गर्न सके एउटा व्यक्तिको स्वतन्त्रतापूर्वक बाँच्न पाउने हकको ग्यारेन्टी हुन्छ । उसले सुख, शान्तिपूर्वक परिवारमा बस्न सक्छ । उसले आफ्नो व्यक्तित्वको विकास गर्न सक्छ । व्यक्ति बने परिवार बन्छ । परिवार बने समाज र समाज बने राष्ट्र ।

यदि कुनै पनि नागरिकलाई आफू बाँच्नका लागि अत्यावश्यक आधार भूत आवश्यकताहरु पूर्ति हुने हो भने उसले न कुनै नारा जुलुस गर्नुपर्छ न बन्द र हडताल नै । शिक्षा नीति राम्रो हुने हो र विद्यालय व्यवस्थापनले शिक्षक र विद्यार्थीहरुलाई अध्ययन अध्यापनमा सहजता ल्याउने हो भने विद्यालय तथा क्याम्पसहरु कहिले बन्द गर्नुपर्दैन । विद्यार्थीहरुले पनि विद्यालयलाई राजनीति गर्ने थलो बनाइनु हुँदैन । त्यो विशुद्ध ज्ञान आर्जन गर्ने संस्था हो ।

त्यस्तै अस्पतालले बिरामीहरुलाई छिटोछरितो सेवा प्रवाह गर्न सकोस् । कुनै पनि रोगीले अकालमा ज्यान गुमाउनु नपरोस् । स्वास्थ्य संस्थाहरु व्यावसायिक मात्र होइन, सेवामूलक पनि हुन सकुन् । अस्पतालका बिरामीहरुको उपचारमा र सेवा सुविधामा पक्षपातपूर्ण व्यवहार नहोस् । राष्ट्रको समग्र विकासमा सबै पक्षको उत्तिकै भूमिका रहेको हुन्छ । व्यक्ति स्वस्थ, सचेत र सबल भए मात्र मुलुक समृद्धशाली बन्न सक्छ ।

कुनै पनि राष्ट्रको विकासमा एउटा व्यक्तिको, परिवारको तथा समाजको महत्वपूर्ण भूमिका हुन्छ । कुनै पनि मुलुकको समग्र उन्नति र विकासमा त्यस राष्ट्रको स्रोत साधन र भौगोलिक अवस्थाले त प्रभाव पारेको हुन्छ नै तर त्योभन्दा महत्वपूर्ण भूमिका त्यस राष्ट्रको शासकीय पद्धतिले खेलेको हुन्छ । लोकतान्त्रिक पद्धतिमा त झन् राजनीतिक बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, श्री सुष्मा वज्राचार्य, ईं. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# ठनक्कै पारौं यी सर्पहरूलाई यसपालि ! !



**सुरेन्द्र ढकाल**

नेपाली भाषामा दुइवटा भनाइ छ । एउटा भनेको सर्पको खुट्टा सर्पले मात्रै देख्छ अरुले देख्दैन रे । त्यस्तै अर्को भनाइ चाही सर्पलाई नमारी घाइते बनाएर छाड्यो भने त्यो सर्पले बदलाको भावनाले जसरी भए पनि डस्छ रे । त्यसकारण सर्पलाई घाइते छोड्न हुन्न ठनक्कै पार्नु पर्छ रे ।

कुरा शेरबहादुरको हो । उनले भनेछन्- भारतले नेपालका प्रधानमन्त्री ओलीकै सल्लाहमा आफ्नो देशको नयाँ नक्सा जारी गरेको रे । पटकौं प्रधानमन्त्री भएको मान्छेले भनेको कुरा पत्याउने कि नपत्याउने ? पत्याउनु पर्छ । किनभने हिजो महाकाली बहुउद्देश्यीय योजना तत्कालिन नेपालको प्रतिनिधिसभाबाट दुई तिहाई बहुमतले पास गराउन पर्दा प्रस्तावक यिनै देउवा थिए भने समर्थक यिनै ओली । भारतको दाहिने र देब्रे हातको रुपमा यिनले काम गरे अनि राष्ट्रघाती महाकाली योजना संसदबाट दुई तिहाईले अनुमोदित भयो । त्यसबेला उठेन यो मुद्दा । यही घटनाको कारण एमालले राष्ट्रघात गर्‍यो भन्दै सीपी मैनाली र वामदेवहरुले तत्कालीन माले र मार्क्सवादी एकता भई बनेको एमालेलाई टुक्राई मालेको पुनर्गठन गरेका हुन् । अझ ओलीले त त्यसबेला नयाँ जोगीले झन् धेरै खरानी घस्छ भनेझैं महाकाली योजनाबाट नेपालले वर्षको एक खरब बीस अरब रुपैयाँ कमाउने उद्घोष समेत गरे भने अर्का नेता माधव नेपालले त महाकालीबाट उत्पादित बिजुलीलाई स्याटेलाइटबाट विदेश निर्यात गरी नेपालले अकूत धन कमाउने ठोकुवा समेत गरे ।

भारतीय गुप्तचर संस्थाको अगुवाइमा यी शेरबहादुर, ओली, अनि माधव नेपालहरु एकै छातामुनि ओत लाग्न पुगेका थिए त्यो बेला । गत निर्वाचनमा जनताद्वारा तिरस्कृत भइसकेपछि मरता क्या नहीं करता भन्ने हिन्दी उखान शेरबहादुरको खप्परमा पस्यो । अनि उनले यो कुरा खुलासा गरे ।

लिम्पियाधुरादेखि कञ्चनजंघासम्म ७३ भन्दा बढी स्थानमा भारतले नेपाली भूमि अतिक्रमण गरेको छ । दशगजा क्षेत्रमा अन्तर्राष्ट्रिय कानुन बमोजिम भौतिक संरचना बनाई भारतले लगातार नेपाली भूमि जलमग्न बनाएको छ । भारतका सीमा सुरक्षा बल दिनदहाडै नेपाल पसी नेपालीको हत्या गर्छन् । भारतले त्यस्तो गरिरहँदा हिजो सबै तैं चुप मै चुप थिए । अहिले कहाँबाट आयो राष्ट्रवादी होस ? अहिले राष्ट्रवादी होस् किन आयो भने उपचुनाव नै भए पनि चुनाव त फेरि आयो नि ।

चुनाव आउँदा सर्पको खुट्टा नदेख्ने जनताको अगाडि आएर राष्ट्रवादी त बन्नै पर्‍यो, राष्ट्रवादको भर्‍याङ चढेर सत्तामा त पुग्नै पर्‍यो । अनि त्यसको लागि जनताको अगाडि एकसे एक राष्ट्रवादी भएर भाषण ठोक्नै पर्‍यो । अनि सत्तामा आएपछि भारतको अगाडि लम्पसार पर्नैपर्‍यो । हिजो राजा त्रिभवनले गद्दी जोगाउन गरेको पनि त्यही हो, उनका प्रधानमन्त्री मातृकाले कोशी बेच्न, नेपालको उत्तरी सीमामा भारतीय सैनिक चेकपोस्ट खडा गर्न दिएको पनि त्यहीकारण ले हो । बीपीले गण्डक भारतलाई दिनु परेको कारण पनि त्यही हो । राजा महेन्द्रले पंचायत जोगाउन भारतसँग १९६५ को गोप्य सन्धि गरेको पनि त्यही कारणले नै हो । २०४६ सालमा भारतीय नेतालाई चाक्सीवारी बोलाएर गणेशमानले नेपालमाथि आर्थिक नाकाबन्दी लगाउन लगाई राजा वीरेन्द्रलाई पंचायत ढाल्न बाध्य पारेको त्यही नै तरिका हो । राजतन्त्र रहुञ्जेल भारतीय आप्रवासीले नेपाली नागरिकता नपाउनेदेखि माओवादी जनयुद्धलाई भारतले मलजल गर्नु अनि माओवादीहरु भारतीय कित्तामा पुग्नु परेको कारण पनि त्यही हो । कि होइन ? होइन भन्ने तागत कसैको छ ? छैन, किनभने नेपाली मतदाताले यी सर्पहरुको खुट्टा न हिजो देखे, न आज देख्छन, न भोलि नै ।

आज देश उपचुनावको घडीमा छ । अहिले पनि सर्पको खुट्टा नदेख्ने नेपाली मतदाताहरुको भीड यही सर्पहरुको पछाडि छ । शेरे सर्पले ओली सर्पको खुट्टा देखेको बताउँछ, अनि ओली सर्पले शेरे सर्पको खुट्टा देखेको बताउँछ । अनि सर्पको खुट्टा नदेख्ने नेपाली अन्ध मतदाताहरु ताली ठोक्छन । आफनी आमामाथि बलात्कार भइरहँदा पुलाउ र मासुको भतेरमा रमाउँदै चुनावी प्रचारप्रसार गरिरहेकाछन ।

अहिले लिम्पियाधुरा, लिपुलेक अनि कालापानी नेपालको होइन भनेर पाउने मत, मजा गर्न पाउने सत्ता कस्ले छोड्छ ? कसैले पनि छोडदैन । त्यही कारण अहिले भाषण सुन्ने हो भने शेरेभन्दा ओली के कम, ओलीभन्दा प्रचण्ड के कम ? सबैभन्दा बढी वामदेव र बाबुराम के कम ? एकसे एक राष्ट्रवादी । हिजो यही कारण एमाले फुट्यो भन्ने कुरा वास्तविक हो । तर के गर्नु सीपी राष्ट्रवादी भएको हुँदा यिनीहरुको अगाडि घुँडा टेकेनन अनि माले पार्टी बनाइ राष्ट्रवादको एकलकाँटे बाँसुरी बजाइरहेका छन भनी हाँस्छन यी सर्पको खुट्टा नदेख्ने नेपाली मतदाताहरु ।

भारतले नेपालमाथि गरेको मिचाहा प्रवृत्ति विरुद्ध पाकिस्तान, चीन श्री लंका, बंगलादेश भुटान आदि सबै देशलाई परिचालन गर्न सक्ने नेतृत्वको खाँचो छ आज यो देशलाई । यसको लागि सर्पको टाउकोमा प्रहार गरी ठनक्कै पार्न सक्ने राष्ट्रवादी नेपाली मतदाताहरुको त्यतिकै आवश्यकता छ । अनिमात्रै भारतलाई साइजमा ल्याउन सकिन्छ । लिम्पियधुरा मात्रै होइन काँगडा किल्ला र टिस्टा नदीलाई समेत विशाल नेपालको नक्सामा समेटन सकिन्छ । यसको विपरीत अझै पनि यी सर्पहरुको भर गर्ने हो भने अब नेपाल भन्ने देश नै रहन्न । त्यसकारण ठनक्कै पारौं यी सर्पहरुलाई यसपालि ।

## सम्पादकीय

# भ्रष्टाचारको माखेसाङ्लोमा प्रशासन यन्त्र


मालपोत कार्यालयका नायब सुब्बा मदनप्रसाद गुप्ता १५ करोड अकुत सम्पत्ति आर्जनको अभियुक्त बनेका छन् । सामान्य हैसियतका गुप्ता निजामती कर्मचारीको राजपत्र अनंकित तहको जागिरबाट यत्रो सम्पत्तिको मालिक बन्न सक्नुले मुलुकको कर्मचारीतन्त्रभित्र हुने भ्रष्टाचार कुन तहमा भइरहेको छ भन्ने कुरा छर्लंग हुन्छ । मालपोत, नापी, कर, भन्सार, प्रशासन, यातायात, श्रम जस्ता जनताको प्रत्यक्ष काममा सहभागिता हुने कार्यालयमा भ्रष्टाचार अत्यधिक हुने गरेको छ । सरकारले जस्तासुकै कानुन बनाए पनि ती कानुनले सर्वसाधारण नागरिकलाई त्रसित बनाए तापनि कर्मचारी वर्गमा कुनै प्रभाव पार्न सकेको छैन । भ्रष्टाचारको जालो तलदेखि माथिसम्म फैलिएको र यो मुलुकको नयाँ परिवर्तनपछि अझ व्यापक बनेकोमा सर्वत्र चिन्ताको विषय भइरहेको छ ।

निजामती कर्मचारीलाई कानुनले राष्ट्रसेवक कर्मचारीको रूपमा परिभाषित गरेको छ । तर यिनै राष्ट्रसेवकहरू आफ्नो पदीय गरिमा र मर्यादालाई भुलेर व्यक्तिगत स्वार्थ लिप्सामा तल्लिन बन्दै गइरहेका छन् । 'बडाले जो गर्‍यो काम हुन्छ त्यो सर्वसम्मत' भन्ने एउटा कविताको पंक्ति यहाँ उल्लेख गर्नैपर्ने हुन्छ । भ्रष्टाचार र आर्थिक अनुशासन माथिल्लो तह अथवा बडाहरूले कत्तिको पालन गरिरहेका छन्, त्यसैको सिको तलकाले गर्ने नै भए । माथिल्लो तहमा हुने ठूलठूला नीतिगत भ्रष्टाचार र ती प्रकरणमा जोडिएका ठूला व्यक्तिहरू सहजै उम्किने परिपाटीले तल्लो तहलाई भ्रष्ट बन्न प्रेरित गरिरहेको हुन्छ । उदाहरणका लागि एनसेल प्रकरणको अर्बौं भ्रष्टाचार, वाइडबडी विमान खरिदमा भएको भ्रष्टाचार, बालुवाटारको जग्गामा भएको भ्रष्टाचार र तिनमा जोडिएका पात्रहरूको नाम सम्झिने हो भने तल बसेर जनताको काम अल्झाएर भ्रष्टाचारको च्याँखे बल्झाउनेहरूको क्रियाकलाप फिका लाग्न सक्छ ।

हाम्रो देशका जुनसुकै निकायहरू पनि भ्रष्टाचारको मामलामा चोखा छैनन् । कानुन बनाउने, पालन गराउने र न्यायको कसीमा घोट्नेहरू सबै भ्रष्टाचारी र तिनका मतियार बनेका उदाहरण दर्जनौं देख्न सकिन्छ । सुरक्षा अंगका रूपमा रहेका सेना पुलिसभित्र भएको भ्रष्टाचारको भोलुम त्यत्ति नै ठूलो छ । भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार जस्ता निकायहरूले केही प्रयास पक्कै गरिरहेका छन् तर अख्तियारको आयुक्त आफैं लाखौंको भ्रष्टाचारमा फस्नाले उक्त निकायका व्यक्तिहरूको नियतमा समेत गम्भीर प्रश्नचिन्ह उब्जिएको छ ।

भ्रष्टाचारको जालो साँच्चीकै छिनाउने प्रयास अघि बढाउने हो भने सबैभन्दा पहिला सरकार सदाचारी बन्न सक्नुपर्छ । सरकारका प्रधानमन्त्रीदेखि मन्त्रीहरूले कहीँ कतैबाट एक रूपैयाँ पनि गैरकानुनी ढंगबाट नलिने हो भने त्यसको सोझो असर सचिवमा पर्न जान्छ । मन्त्रीको नाम बेचेर सचिवले विभागीय प्रमुखहरूसँग र विभागीय प्रमुखहरूले कार्यालय प्रमुखहरूसँग रकम उठाउने प्रचलन रोकिने बित्तिकै खरदार, सुब्बाहरू आफसेआफ जनताबाट असुल गर्न बन्द गर्नेछन् । यस्तै अनुशासन प्रधान न्यायाधीश, न्यायाधीश, सेना प्रमुख र प्रहरीका प्रमुखहरूले समेत पालन गरेमा ती निकायहरूका भ्रष्टाचार रोकिएर जानेछन् । त्यसैगरी भ्रष्ट व्यक्तिहरूले आर्जन गरेको अकुत सम्पत्ति छानबिन गर्ने र समाजमा उनीहरूलाई नङ्ग्याउने हो भने भ्रष्टाचार निरूत्साहित भएर जान्छ । तर भ्रष्टाचारीलाई बचाउन अहिलेजस्तै ठूला भ्रष्टाचारीको फायल अदालतबाटै बेपत्ता पार्ने, वर्षौंसम्म मुद्दा तामेलीमा राख्ने क्रियाकलाप चलिरहने हो भने अरू दर्जनौं मदनप्रसाद गुप्ताहरू दिन प्रतिदिन जन्मँदै, थर्पिंदै जानेछन् । त्यसैले भ्रष्टाचारीप्रति राज्य कठोर बन्न आवश्यक छ ।

# केही सुझाव केही चेतावनी



**जगदीश लामिछाने**
रौतहट, पौराई

स्वदेशको विकासको लागि एउटै विषयमा मात्र जोड दिएर पुग्दैन । यातायात, कृषि, सुरक्षा, शिक्षा, स्वास्थ्य आदि धेरै विषय आधुनिक राज्यले हेर्नैपर्छ । पुरानो युगमा सुरक्षा, परराष्ट्र आदि विषय याद गरिन्थ्यो । वर्तमान काल त्यत्तिले पुग्दो मान्दैन । मान्छेहरु पनि प्रजातान्त्रिक र पारदर्शी क्रियाकलापका प्रेमी हुँदै गए । त्यसैले उत्पादनमुखी शिक्षामा सरकारले ध्यान देओस् भन्न लागियो । यसैले यो युग विज्ञानप्रधान युग भन्नुपर्ने भएको छ तर सरकार यो कुरामा चुकेको छ । उत्पादनमुखी वतावरण नभएर मान्छेहरु यत्रतत्र भौंतारिइरहेछन् । यस कुरामा जनतालाई मात्र दोष दिनु नेताहरुको अज्ञानता हो ।

वि.सं. २००७ पछि राजनीतिक खिचातानीले यो वाद र त्यो वाद भन्दै समय बिताइदिए । व्यावसायिकताको सुरक्षा दिने शिक्षा तथा प्रशासन नभएपछि पुरानै एक तान्त्रिक प्रणालीकै मेरा गोरुका बाह्रै टक्का भनेझैं भयो किनभने जनजीवनका अत्यावश्यक पूर्वाधारहरुको तयारी हुनैपर्ने थियो । नेताहरुले यो र त्यो भनी दोष दिनु आफ्नै कमजोरी लुकाउनु मात्रै हो ।

१. **यातायात** : कम्तीमा पनि पूर्वदेखि पश्चिमसम्म महेन्द्र राजमार्ग बनाइनु एउटा पूर्वाधार नै थियो । उसैबेला यस्ता तीनवटा राजमार्गहरु र तिनलाई उत्तर दक्षिण सम्पर्क गर्ने कोसी, वाग्मती, काली राजमार्ग आदि आवश्यकै थिए । तिनीहरुको नियमित र सुरक्षित व्यवस्था अझै राम्रो हुन सकेको छैन । बन्न लागेको धेरै भइसके पनि हुलाकी राजमार्ग ठाउँठाउँ जग्गा विवाद र अरु रोगले थलिएकै छ । पुष्पलाल राजमार्ग अर्थात् मध्यपहाडी राजमार्ग जाजरकोटबाट दैलेख छुने ठाउँनिर मन्ताभीर भन्ने ठाउँमा ५०० मिटर चट्टान फोर्न सकिएको देखिएन । पूर्वतर्फ र बाग्लुङको पश्चिमी भेग निर्माणकै क्रममा देखिए पनि अन्यत्र राम्ररी यातायात सञ्चालन गरेको भनिन्छ । यसको फाइदा उत्तर दक्षिण योग्य बाटोले नै लिन सकिने थियो । त्यसमा ध्यान दिन कमै सकिएको छ । कालीगण्डकी कोरिडोरको भर्खरै चालु भग्नावस्थाले चित्तदुख्दो नै छ । हुन त यातायात मात्रै पनि पर्याप्त होइन, त्यो माथि नै भनियो विदेशी बजारको मात्र सहयोगी यातायात हाम्रो हुन नपरोस्, यो त याद गर्नैपर्छ ।

२. **शिक्षा** : देशको विकासको लागि योग्य शिक्षानीति चाहिन्छ । त्यो खड्केकै छ । शिक्षा सुधारमै सर्वत्र सुधार हुन्छ भन्ने त विश्वप्रसिद्ध नियम नै हो । हाम्रो शिक्षा नीति पुँजीवादी बन्धनमा परेको प्रस्टै छ । नत्र पढाइँदै नपढाइ गुरुहरुले तलब पाउने नै थिएनन् । यसको कारण शिक्षालाई खुला छाडिदिएमा आफैं आफ्नो उन्नति गर्छ भन्नु नै हो । देश विदेश जसले पनि विद्यालय खोल्न पाउने कारण समेत अर्को शिक्षाको ह्रासको कारण हो । हाल संस्कृत विश्वविद्यालय नेपाल र त्रिभुवन विश्वविद्यालय आदि सबै रोगमै छन् भन्नेपर्छ । प्रत्येक विश्वविद्यालयमा प्राज्ञिक र प्राविधिक छुट्टाछुट्टै मार्गदर्शन अत्यावश्यक छ । अरुको नक्कल गरेर हुँदैन, आफ्नो देशको समस्या र आवश्यकताको समाधान पनि हुनैपर्छ ।

३. **कृषि र पशुपालन** : भनिन्छ मान्छेहरुले कृषि छोड्दै गए । यो भनाइ युक्तिपूर्वक भएन किनभने नेपालीहरुले देश विदेश हेरेका छन् । आधुनिक सीप तथा विज्ञानको सहायताले कृषिमा थोरै मान्छेले काम गरे पनि पुग्ने रहेछ भनी बुझ्दै गएका छन् । अहिले विदेशबाट फर्की आउनेले उन्नत गाईपालन गरेको पनि देखियो । त्यस्तो गाई, भैंसी पालनको पूरक कृषि कार्यक्रम भइदिएको भए प्रांगारिक मलको पनि प्रयोग भई सुनमा सुगन्ध नै हुने थियो । त्यतातिर ध्यान नदिएर नेताहरुले जनतालाई मात्र दोष दिनु ठीक छैन । बरु यस्ता प्रशासक र नेताहरुले आफ्नै मुखको छायाँ ऐनामा हेरेर कृषिमै पनि साथसाथै कायापलट गर्ने दिन आएका छन् । सुखा र पानी कम भएको ठाउँमा जडीबुडी आदि पानी कम लाग्ने खेती पनि फस्टाउन बेर लाग्ने छैन । मध्यपहाडी राजमार्ग छेउ बस्ती झन् झन् विकसित हुँदैछ । फरक खेती अर्थात् बसोबास एकातिर खेती अर्कोतिर हुँदै नेता र प्रशासकले समेत जस लिने मौका किन चुकाउने भन्नेतिर लाग्नु पर्ने हो कि ?

४. **जनसंख्या नीति** : जत्ति भने पनि सुधार हुन नसकेको कमजोर हाम्रो नीति देशको जनसंख्या व्यवस्थापन नै हो । उत्तर तथा दक्षिण विशाल जनसंख्या भएको बीचको देश नेपालले निश्चित बिन्दुमा आफ्नो जनसंख्या नीति राख्न सकेन भने हाम्रा सम्पूर्ण आर्थिक क्रियाकलापहरुले अनर्थको परिणाम दिन बेर लगाउँदैन । यसैले आफ्नो नीतिमा राम्ररी यथार्थपरक हुनै कर लागेको छ । होस गरौं ।

५. **भ्रष्टाचार निवारण** : रोगीप्रति अति दयालु अति सेवामुखी स्वास्थ्यकर्मी हुनैपर्छ । उनीहरुले पढ्दा नै यस्तै प्रतिज्ञा गरेकै हुन्छन् । तिनीहरुमा पनि अनैतिक कमाउधन्दा देखिनु दुःखदायी कुरा हो । अर्कोतर्फ राजनीतिकर्मीहरु पनि एउटा मुखले नेतृत्वको भाषण छाँट्ने दुईटा हातले चाहिँ भ्रष्ट आचरण गर्ने कर्मचारीहरुले नै हामीलाई भ्रष्टाचार गर्न सिकाए भन्न लाज मान्दैनन् र नक्कली बिलका चाङ पेश गर्छन् । यसैले स्वास्थ्य जस्ता सेवामुखी र नेतृत्व जस्तो पवित्रता अनिवार्य विषय बिटुलिन दिनु भएन । सत्ताको नेतृत्वले चाह्यो भने भ्रष्टीकरण सबैतिर लुकिलुकी हिँड्ने नै छ र लुक्दालुक्दै देखिएको पुच्छर मात्र सत्ताले समातिदिएमा मुनाफाखोर, महाजन र भ्रष्ट कर्मचारी सबैको सातो पुत्लो उड्ने नै छ । यसमा शंका छैन । आदि इत्यादि ।

# दर्शन, विश्वदर्शन-६

■ **सुदर्शन प्रधान**

क्रान्तिका नायिका, नायकहरु निराश बने, हतोत्साही भए । अनि त स्वदेशी, विदेशी जनवैरीहरुको सहयोगमा इन्दिरा गान्धी सरकारका सेना र प्रहरीहरुले आन्दोलनकारीहरुको लाखौं संख्यामा कत्लेआम गरे । नक्सलाइट उग्रवादी भनेर विश्वव्यापी प्रचार गरे, अझैसम्म गर्छन् । तर अब नक्सलवादी आन्दोलन भएको पचास वर्षपछि त्यही भूमि वरपरबाट धर्तीयोद्धा (Planet Fiters) हरु जन्मदै छन् । जुन योद्धाहरुले दक्षिणपूर्वी एसिया र चीनमा अनि विश्वभरि के कति गर्लां ? भविष्यले नै बताउला ।

मुस्लिम मुलुकहरुमा कम्युनिस्टहरु सुषुप्त छन् । त्यसको मूल कारण मार्क्सवादी कम्युनिस्टहरु पूर्वजन्म र पुनर्जन्म, स्वर्ग र नर्कजस्ता कपोकल्पित कुराहरुमा विश्वास गर्दैनन् । तर धर्मका नाममा शासन गर्ने मुस्लिम मुल्लाहरु र पश्चिमा परचक्री शक्ति र स्रोतहरु सबै गठबन्धन गर्छन् कम्युनिस्टहरु विरुद्ध । अनि कम्युनिस्टहरु पनि त्यहाँको मूल उत्पीडित महिला वर्ग, किसान वर्ग हो भनेर पार्टी र क्रान्तिको आधार बनाई चल्दैनन्, बरु सर्वहारा वर्ग हो भनेर १७५ वर्ष अघिको मार्क्स, एंगेल्सको दुहाइ दिन्छन् । विगत एक दसकमा मध्यपूर्वका ट्युनिसिया, लिबिया, यमन, सिरिसा, इराक विद्रोह र गृहयुद्ध, अफगानिस्तानमा चार दसक अघिदेखि भएको गृहयुद्ध र विद्रोहमा कम्युनिस्टहरुका उपस्थिति शून्यप्रायः छ । विद्रोह र क्रान्तिको नेतृत्व अन्तत धार्मिक अन्धता र साम्राज्वादीहरुका पकडमा छ । अब सैद्धान्तिक मार्गदर्शन त्यहाँ फेर्नैपर्छ, नयाँ सोधखोज हुनै पर्छ ।

कम्युनिस्ट आन्दोलनको इतिहासमा क्रान्तिका तीन मोडलहरु पाइन्छन्-

प्रथम- सहरहरुमा सशस्त्र विद्रोह गरी सत्ता कब्जा गर्ने रुसी मोडल ।

द्वितीय - दीर्घकालीन जनयुद्ध लडेर सर्वोच्च सत्ता कब्जा गर्ने चिनियाँ मोडल ।

तृतीय - संसदीय निर्वाचनबाट बहुमत ल्याई सेना, प्रहरी र कर्मचारीतन्त्रलाई क्रमशः जनपक्षीय तुल्याई शान्तिपूर्णको परिवर्तनको मोडल ।

के थाहा भविष्यमा माथिका मोडलहरु समायोजन गरी थुप्रै मोडलहरु आउन सक्छ । तर एक महत्वपूर्ण कुरा राज्य सत्ताको परिवर्तनपछि आम जनताको सांस्कृतिक चिन्तन र विचारहरु आमूल परिवर्तन ल्याउने मूल्य, मान्यता, संस्कार र संस्कृति, परम्पराहरु स्थापित गर्नैपर्छ । राज्य सत्ता कब्जा गरेर राजनैतिक, आर्थिक, भौतिक सत्ता परिवर्तन गरेर मात्र नपुग्ने रहेछ, जनताको मन मस्तिष्क पनि परिवर्तन गर्न सांस्कृतिक ढाँचा पनि त्यही अनुरुप, अझ पारिवारिक संरचना पनि परिवर्तन गर्नैपर्ने घटनाहरुले चरितार्थ गर्दछ । यसको अर्थ ३ हजार वर्षदेखि एकनिष्ठ परिवारलाई सर्वोपरि मानिएका पद्धतिको विकल्प खोज्न पर्छ । किनकि मेरो श्रीमती, मेरो श्रीमान, मेरो आमा, बा, मेरा छोराछोरी जस्ता कुराहरुका मूल जड एकनिष्ठ परिवार नै हो । जुन संरचनाले निजी सम्पत्तिलाई जोगाउन र बचाउन विशिष्ट भूमिका खेलिरहन्छ ।

असीमित रगत, पसिना र आँसुको भेल बगाएर प्राप्त भएको सोभियत संघ, पूर्वी युरोप र चीनको सामूहिक अर्थतन्त्र सजिलै भनौं स्टालिन र माओको व्यक्तिगत अनुपस्थिति हुनासाथ पतन भयो । यसो हुनमा एकनिष्ठ परिवार मूलकारक हो भन्ने अनुसन्धानबाट प्राप्त भएको छ ।

*(क्रमशः)*

# मैले देखेको ११९ औं विश्व सम्पदा

# रोमको सान पाओलो बासिलिका

सुरेन्द्र ढकाल



बाहिरबाट हेर्दा सान पाओलो बासिलिका यस्तो देखिन्छ



बासिलिकाको छतसहितको लामो बार्दली (क्लोइस्टर)

सानजोभान्नीको क्याथेड्रल अवलोकन गरी बाहिर निस्कँदा दिनको एक बजेको थियो । बिहान टन्न ब्रेकफास्ट गरेको कारण भोक लाग्ने कुरा पनि भएन । तसर्थ रोम शहरको पर्खाल बाहिर रहेको सान पाओलो वासिलिका अवलोकन गरी दिन बिताउने उद्देश्य लिई मेट्रो चढेर म सान पाओला क्याथेड्रल पुगेँ । प्राचीन रोम शहरभित्र रहेको चार चर्च सेन्ट पिटर, सान्ता मारिया माज्जोरे र सान जोभान्नीपछिको अर्को महत्वपूर्ण र विश्वविख्यात चर्च रहेछ यो ।

माथिका तीन चर्चजस्तै यो चर्च पनि इटलीको भूमिमा रहेको भए तापनि यहाँको प्रशासन भेटिकनले हेर्ने भएको कारण यस चर्चभित्रको सार्वभौमसत्ता भेटिकनकै रहेछ । यस वासिलिकाको इतिहास खोतल्ने हो भने यसको निर्माण रोमन वादशाह कोन्स्टानटाइन प्रथमले गरेको र यसको वास्तु पूजा भने सन ३२४ मा पोप सिलभेष्टर प्रथमले गरेका रहेछन् ।

क्रिश्चियन धर्मगुरु पाओल टारसुसलाई गाडेको चिहानकै जगमा यस वासिलिका ठडिएको कारण यसको नाम सान पाओलो हुन गएको रहेछ । पछि सन् ३८६ तिर वादशाह थियोडोसियस प्रथमले यस वासिलिका विस्तार गरी चारलेन प्रार्थना कक्षसहित झन् सुन्दर बनाएका रहेछन् । तैपनि सिंहमरमरको काम नसकिएकोले पोप लिओ प्रथमको कार्यकाल सन ४४०-४६१ मा गएर मात्रै यसको निर्माण कार्य सम्पन्न भएको रहेछ । यो यति सुन्दर वासिलिका हुन पुगेको रहेछ कि महान क्रिश्चियन कवि प्रुडेनटियसले त्यस्को बखान गरेर केही हरफ कविता नै लेखेका रहेछन् ।

यिनै पोप लिओको पालामा चट्यांग परी आगलागी भई वासिलिकाको छाना ध्वस्त भएको कारण यसको पुनः जिर्णोद्धार गरी प्रार्थना कक्षमा पोप सान पाओलोको चिहानमाथि मंच (अल्टर) थपिएको रहेछ । यिनै पोपले वासिलिकाको चोकमा धनुषाकार विजयको चिन्ह (ट्रिअम्फाल आर्क) सहितको पानीको फोहोरा बनाउन लगाएका रहेछन् । पछि पोप ग्रेगोरीको पालामा पुरानो अल्टरलाइ हटाइ नयाँ अल्टर बनाइएको रहेछ । त्यति बेला यस वासिलिकाभित्र दुई भिन्न गुम्वाहरु पुरुष सन्तहरुको लागि सेन्ट अरिसटुस स्तेफानो र महिला सन्तहरुको लागि सेन्ट स्तेफानो बनाइएको रहेछ ।

नवौं शताब्दीमा रोम शहरमा अरबीहरुले लुटपाट गर्दा यो वासिलिका पनि क्षतिग्रस्त भएको रहेछ । वासिलिकालाई लुटपाटबाट जोगाउन भनी पोप जोन आठौंको पालामा अग्लो पर्खालले घेर्ने कार्य गरिएको रहेछ। यो पर्खालको धेरै भाग सन १३४८ को महाभूकम्पले भत्किन गएको रहेछ । सन ९३७ तिर कोन्सान्टीनोपोलको एक धनी महाजनले विशाल ढलोटको ढोका यस वासिलिकालाई प्रदान गरेका रहेछन्।



बासिलिका बाहिर चोकमा रहेको सान पाओलोको मूर्ति

सन १२२० र १२४१ को अवधिमा यस वासिलिकामा छतसहितको लामो बार्दली (क्लोइस्टर) थपिएको रहेछ । सन १८२३ को जुलाई महिनामा लागेको आगोले यो वासिलिका जस्ले आफ्नो मौलिक रुप सन १४३५ देखि नै कायम गर्दै आएको थियो ।

झण्डै पूर्ण रुपमा ध्वस्त भएको रहेछ । पोप लिओ १२औं संसारसँगै हारगुहार गरी कोष संकलन गरी पूर्णरुपमा सकेसम्म आगलागीबाट बचेको पुरानै सामाग्री प्रयोग गरी उस्तै देखिने गरी सन १८४० मा यसको पुनर्निर्माण गराएको यस वासिलिकाको पोप पिउस १२ औंसहित ५० जना कार्डिनलको उपस्थितिमा वास्तुपूजा भएको रहेछ । नव शास्त्रीय शैलीमा बनेको यस वासिलिका ४३२ फिट लामो २१३ फिट चौडा र ९८ फिट अग्लो र भेटिकनपछिको दोस्रो ठूलो चर्च भवन मानिदो रहेछ ।

प्रार्थना कक्षलाई ८० वटा स्तम्भहरुले थेगेको रहेछ । दलिन भने १९औ शताब्दिको काठले नै बनेको रहेछ । धनुषाकार दलिनको मुनि दायाँ र बायाँमा सेन्ट पिटर र सेन्ट पाओलको कलात्मक चित्र बनाइएको रहेछ । वासिलिकाभित्र गएर हेर्दा कलात्मक शिशाका जस्ता देखिने झ्यालहरु वास्तवमा शिशाको नभै गहना बनाउने सेतो सिंहमरमरका रहेछन् । प्रार्थना कक्षको भित्री भित्तामा सेन्ट पाओल जीवन लिलाका दृश्यहरु पेन्टिङ गरिएको रहेछ ।


सन १९८६/८७ मा रोममा बसी अध्ययन गर्दा आफूले खाली भेटिकनको सेन्ट पिटर चर्च मात्रै अवलोकन गरेकोमा यस पटक बाँकी ३ चर्चहरु अवलोकन गरिसक्दा त्यही बेला मैले किन अवलोकन गरिनछु भन्ने मनमा लाग्यो । सायद यसैकारण मलाई तेस्रो पटक इटली आउन जुरेको त होइन भने जस्तो लाग्यो । आफैंले आफूलाई धन्य सम्झिएँ र विस्तारै रोमको रेलवे स्टेशनतर्फ लागेँ । पुरै साँझ रेलवे स्टेशन, पियाच्जा रिपुब्बलिका घुमेर बिताइ रातिको एघार बजेको ट्रेन चढी भोलि पल्ट बिहान ६ बजे रेज्जो कालाब्रिया पुगी लोकल बस चढी दाँते विश्वविद्यालय पुगेँ जहाँ मैले ३ महिने इटालियन भाषा र संस्कृतिको प्रशिक्षक प्रशिक्षणको कोर्ष सम्पन्न गर्नु थियो ।



प्रार्थना कक्षलाई थेगेका ८० वटा स्तम्भहरु



प्रार्थना कक्षको धनुषाकार कलात्मक दलीन





बासिलिकाको ढलोटको ढोका



प्रार्थना कक्षको मञ्च (अल्टर)

# २४. पार्टीको दरभंगा प्लेनम-३




■ शम्भुराम श्रेष्ठ

पहिले, राजा महेन्द्रको प्रतिक्रियावादी सैनिक 'कु' विरुद्धको संघर्षसम्बन्धी एजेन्डामाथि छलफल भयो । तर लामो छलफल र वादविवादपछि पनि संघर्षसम्बन्धी तीनवटै लाइनहरुमध्ये कुनै पनि पक्षमा बहुमत हुन नसकेकाले अन्तिम निर्णयको लागि प्लेनममा पठाउनु निर्णय भयो । अनि पार्टीको तृतीय महाधिवेशनसम्बन्धी पूर्व निर्णय बारेको एजेन्डामाथि छलफल सुरु भयो तर यसको पनि त्यही अवस्था आएकाले त्यसलाई पनि अन्तिम निर्णयको लागि प्लेनममा नै पठाउने निर्णय भयो । तर यहाँनेर एउटा कुरा उल्लेखनीय छ । त्यो के थियो भने संघर्षसम्बन्धी तीनवटै लाइनहरुमा मतभिन्नताहरु कायम रहेकै भए पनि देशव्यापी संघर्ष गर्नुपर्छ भन्ने कुरा चाहिँ तीनवटै लाइनमा साझा विषयको रुपमा रहेको हुनाले, केन्द्रीय कमिटीले एकमतले राजा महेन्द्रको सैनिक 'कु' विरुद्ध देशव्यापी संघर्ष चलाउने निर्णय गरेको थियो । यो एउटा सकारात्मक पक्ष हो, यद्यपि संघर्षको स्वस्पबारे केही पनि उल्लेख नगरिएको हुँदा यो निर्णय नै अमूर्त हुन गयो ।

चैत्रको आधाआधीमा प्लेनम (अर्थात् दरभंगा प्लेनम) संघर्षका तीन लाइनसम्बन्धी एजेन्डामाथिको वादविवाद प्रारम्भ भयो तर त्यसलाई प्लेनम नै भनिए तापनि त्यो वास्तवमा पार्टी विधानअनुसारको नभएर अलि बेग्लै खालको प्लेनम थियो । कारण आमन्त्रण गरिने तहका कामरेडहरु नभई त्यस समय दरभंगामा आएकाहरु पार्टी सदस्यसमेत नभएकाहरु पनि सबै नै थिए । प्लेनमको बनोट त्यस किसिमको भएकाले त्यसबाट लाभ उठाएर आफ्नो गुटगत स्वार्थ पूर्ति गर्न खोज्नेहरुले सहभागीहरुलाई मानिपुलेट गरी आफ्नो पक्षमा तान्ने सम्भावना र खतरा हुनु स्वाभाविकै थियो र रायमाझी गुटले त्यसो गऱ्यो पनि । छलफलको क्रममा रायमाझी गुटको त्यस्तो क्रियाकलाप थाहा हुन आएपछि हामी पहिलो लाइनका पक्षधरहरु तुलनात्मक रुपले रायमाझी गुटको 'प्रजातन्त्रको पुनर्वहाली' गरियोस् भन्ने लाइनभन्दा मोहनविक्रमको 'संविधानसभाको निर्वाचन गराइयोस्' भन्ने लाइन बेस भएको महसुस गरी त्यसको पक्षमा आफ्नो प्रस्तावित लाइनलाई फिर्ता लियौं । त्यसको परिणामस्वरुप रायमाझी गुटको मानिपुलेसन चकनाचुर हुन गयो र त्यो गुट नराम्ररी पराजित भयो र अत्यधिक बहुमतले 'संविधानसभा' सम्बन्धी लाइन पारित भयो ।

त्यसपछि अन्तिम एजेन्डा अर्थात् तृतीय महाधिवेशनसम्बन्धी पार्टीको पूर्व निर्णय बारेको एजेन्डा छलफलको निम्ति प्रस्तुत गरियो । छलफलको प्रारम्भ एजेन्डाका प्रस्तावकहरु अर्थात का.पुष्पलाल र का.तुलसीलालबाटै भयो । उहाँहरुले पार्टीको निर्णयलाई कार्यान्वित नगरी छाड्नु हुँदैन र यस्तो प्रकृतिले पार्टीलाई ठूलो क्षति पुऱ्याउँछ । त्यसकारण चाँडोभन्दा चाँडो महाधिवेशन गर्नैपर्छ भन्ने कुरामा उहाँहरुले जोड दिए । त्यसकै पक्षमा का.रायमाझीहरुले पनि जोड दिँदै बोले उहाँहरुको विचार र तर्क मलाई बिल्कुलै ठीक लागेन । अनि त्यसका विरोधमा बोल्दै प्रश्न गरे- 'पार्टीको निर्णय कार्यान्वयन नगरिनहुने हो भने गएको फागुन ७ गतेकै दिनदेखि गर्नुपर्थ्यो, किन गरिएन ? यस सम्बन्धमा कुरा पनि उठाउनुभएन किन ? तपाईंहरुसँग यसको उत्तर छ ? छैन । अनि फेरि मैले उहाँहरुको चाँडोभन्दा चाँडो महाधिवेशन गर्नुपर्छ भन्ने विचारको खण्डन गर्दै भनें- पहिले कुरा त, 'चाँडोभन्दा चाँडो' भन्ने वाक्यांश खुद नै अनिश्चित र अस्पष्ट छ, ठोस छैन । दोस्रो कुरा देशमा यस्तो असाधारण राजनीतिक स्थिति पैदा भएको बेला कहीं पनि कुनै पनि मुलुकमा पार्टी महाधिवेशन गरिँदैन र गरिएको थाहा छैन । तपाईंहरुलाई थाहा छ भने बैठकमा पेस गर्नोस् । यस्तो असाधारण राजनीतिक स्थितिमा त पार्टीले आफूलाई परापुर त्यसको डेटर सामना गर्नमा लगाउने गरेको हुन्छ र आफूलाई अधिवेशन गर्ने कुरामा अल्झाएर राख्दैन । तेस्रो कुरा केही दिन अघि मात्रै तपाईंहरु आफैंले राजा महेन्द्रको प्रतिक्रियावादी सैनिक 'कु' विरुद्ध देशव्यापी संघर्ष छेड्ने निर्णय गर्नुभएको थियो । त्यो पनि लागू हुने छैन किनभने एक समयमा एउटा मात्र ठूलो काम गर्न सकिन्छ, दुइवटा ठूलठूला कामहरु गर्न सकिँदैन, तपाईंहरुले या त आफूलाई संघर्ष गर्नमा लगाउनोस् या त तृतीय महाधिवेशन गर्नमा । जहाँसम्म तृतीय महाधिवेशन गर्ने सवाल छ, त्यसको निम्ति नगरी नहुने तयारीहरु जस्तो कि महाधिवेशनमा प्रस्तुत गरिने राजनीतिक तथा अन्य दस्तावेजहरु मसौदा गर्ने जिल्ला प्रान्तीय सम्मेलनहरुको आयोजना गर्ने एवं मस्यौदा गरिएका दस्तावेजहरुमाथि छलफल गराउने र महाधिवेशनको निम्ति प्रतिनिधिमण्डल निर्वाचित गराउने जस्ता कार्यहरु गर्नु पनि मौजुदा असाधारण राजनीतिक स्थितिमा व्यावहारिक हुँदैन र त्यस्ता अनिवार्य तयारीहरु नगरिकनै महाधिवेशन गर्नुको कुनै अर्थ हुँदैन । त्यति मात्रै होइन,त्यसरी गरिएको महाधिवेशन सिंगो नेपाली कम्युनिस्ट आन्दोलन र नेपाली क्रान्तिकै लागि हानिकारक हुन्छ । त्यसको उदाहरण त २०१९ सालमा भारतको बनारस नगरीमा आयोजित तथाकथित तृतीय महाधिवेशन नै हो । त्यसकारण तृतीय महाधिवेशनसम्बन्धी पार्टीको पूर्ण निर्णयलाई उपयुक्त समय नबनेसम्मको लागि पछि सार्नुपर्छ भन्ने कुरामा मैले जोड दिएँ । कामरेड पुष्पलाल र माझीहरुले मेरो कुरालाई न खण्डन गर्न सके न त उनीहरु आफ्नो गलत अडानलाई त्याग्न नै राजी भए । मरो सही विरोधको वास्ता नै नगरी प्लेनमको बहुमतले महाधिवेशन गरिने स्थान (अर्थात् भेन्यु) महिना तिथिमिति र प्रतिनिधिमण्डलहरुको निर्वाचन विधि आदि जस्ता आधारभूत विषयहरुबारे कुनै ठोस निर्णय नै नगरिकन बिल्कुलै हचुवा तवरले १० महिनामा तृतीय महाधिवेशन गर्ने निर्णय गर्नपुग्यौं । त्यसबाट हुने स्वाभाविक नकारात्मक परिणामबारे पछि उपयुक्त स्थानमा उल्लेख गरिने नै छ ।


प्लेनमको अन्त्यतिर मैले पार्टीको संगठनात्मक नीतिसम्बन्धी एउटा प्रस्ताव राखेँ, जसको मजबुन निम्न प्रकारको छ- 'हामीहरुले एकमतले राजा महेन्द्रको प्रतिक्रियावादी सैनिक 'कु' विरुद्ध देशव्यापी संघर्ष छेड्ने निर्णय त गऱ्यौं तर त्यसको राम्रो नराम्रो के कस्तो परिणाम हुने हो अहिल्यै हामीहरुले ठोकेर भन्न सक्दैनौं । हामीहरुले छेड्ने संघर्षको विजय पनि हुन सक्छ र नहुन पनि सक्छ । हामीले चाहे पनि नचाहे पनि संघर्ष लम्बिँदै जान सक्छ । यस्तो स्थितिमा हामीहरुले शत्रुमाथि बाहिरबाट मात्र आक्रमण गर्ने नीति अपनाउनु पर्याप्त हुँदैन । त्यसमाथि शत्रुकै क्याम्पभित्रबाट पनि आक्रमण गर्ने नीति अपनाउनु जरुरी हुन्छ । त्यसको लागि निर्दलीय पञ्चायती व्यवस्थाका तल्लो तहहरु र त्यस व्यवस्था अन्तर्गतका जनवर्गीय संघसंस्थाहरुमा व्यापक रुपले हाम्रा पार्टी कार्यकर्ताहरुलाई घुसाउनु अत्यावश्यक हुन्छ । यसबाहेक पञ्चायती व्यवस्थाभित्र रहेका तमाम जनसमुदायहरुलाई निर्दलीय प्रतिक्रियावादी राजनीतिक भ्रम र विचारबाट मुक्त गर्नका लागि पनि यो घुसपैठको नीति अवलम्बन गर्नु अनिवार्य हुन्छ । त्यतिमात्र होइन, मुलुकभित्र एक ठाउँबाट बेरोकटोक अर्को ठाउँमा जान आउन सक्नुको लागि पनि हामीहरुले उपयुक्त नीति अपनाउनु जरुरी हुन्छ ।'

प्लेनममा सर्वसम्मतिले मैले राखेको प्रस्ताव पास त भयो तर हाम्रा पार्टी कार्यकर्ताहरुमा नदेखिने गरी व्यापक रुपले राजनीतिक ब्राह्मणवाद हावी भइरहेको हुनाले हाम्रा पार्टी कार्यकर्ताहरु पञ्चायत व्यवस्था र त्यस अन्तर्गतका जनवर्गीय संगठनहरुमा प्रवेश गर्न बिल्कुलै तयार भएनन् । जसले गर्दा हाम्रो उपर्युक्त नीति कार्यान्वित हुन पाएन ।

# ज्युरिच: तीन दिनको सफर, दुई रातको अनुभव

नियात्रा संस्मरण

## घनश्याम राजकर्णिकार





एक वर्षको जर्मनीको प्रवासकालमा प्रबल रूपमा मेरो मनमा उठेको एउटा उत्कण्ठा युरोपका अरू मुलुकहरूको पनि भ्रमण गर्नु थियो । एसियाली देशको एउटा नागरिकलाई यस्ता उत्कण्ठा हुनु स्वाभाविकै पनि हो । युरोपीय देशहरूमा केन्द्रबिन्दुको रूपमा रहेको स्विट्जरल्यान्डको एउटा सहर ज्युरिचको भ्रमण पनि मेरो इच्छाभित्रको कुरा थियो । ज्युरिच शब्द नेपालीहरूका लागि कमसेकम शब्दकै रूपमा भए पनि अपरिचित होइन किनकि विक्रम संवत् २०११ मा यहींको एउटा अस्पतालमा राष्ट्रपिता श्री ५ त्रिभुवनको स्वर्गारोहण भएको थियो ।

संयोगले छ दिनको बिदा पाएको थिएँ । बिदाकै सदुपयोग गर्ने विचार मनमा उठ्यो र त्यसका लागि ज्युरिचकै भ्रमण छानें । त्यस बेला मैले आफूलाई भनेका थिएँ- 'लौ भाइ, मौका नगुमा, चान्समा डान्स गर्नुपर्छ, पछि भनेर नबस्, हिँडिहाल् ज्युरिच, नत्र पछि पछुताउनुपर्ला ।' अनि लगत्तै फ्याङ्कफर्टको ओपर्न प्लाट्जस्थित ' ज्युरिच होख हाउस' नामक अग्लो भवनभित्र स्विस कार्यालयमा भिसाको निमित्त पुगें र भोलिपल्टै सजिलैसँग भिसा पनि पाएँ । त्यसपछि हतारिँदै टुर बसको टिकट लिन गएँ । टिकट नपाइएला वा सकिएला भन्ने मनमा शङ्का-उपशङ्का थियो । तर यात्रीहरू जतिसुकै आए पनि टिकट सिद्धियो भनी निराश नगराई चाहिएमा बसको सङ्ख्या नै बढाउँदै लग्ने 'युरोपा बस' को व्यवस्थाको मुक्तकण्ठले मनमनै प्रशंसा गरें ।

पर्सिपल्ट निर्दिष्ट स्थान र समयमा हतारिँदै टुर बसलाई भेट्टाउन पुगें । गुड्नै लागेको तर मसमेत अरू दुई जनालाई मात्र पर्खेर बसेको बसभित्र सुट्ट घुसें । छ दिनका निमित्त मैले मनमनै जर्मनीलाई फेरि भेटौंला भन्दै थिएँ, बस अघि बढ्यो, ती सोझा फराकिला हाईवे (अटोबाःन)मा प्रतिघण्टा असी-नब्बे किलोमिटरको वेगले गुड्दै गयो । अरू स्याउँस्याउँती प्राइभेट कारहरू सुइँत्तसुइँत्त गर्दै हामीलाई उछिन्दै उड्दै कुदिरहेका थिए । सायद मजस्तै अरू पनि 'उरलव' (बिदा) मनाउन स्विट्जरल्यान्डतिर गइरहेका होलान् । वर्षको कम्तीमा एक पटक साधारणदेखि विशिष्ट प्रायः सबै जर्मनहरू 'उरलव' (बिदा) मनाउँछन् । यस बेला उनीहरू प्रायः दुई-तीन हप्तासम्मको सफर गरी बिताउँदा रहेछन् । कहिलेकाहीं ठूलठूला कलकारखानाका मजदुरहरूले पनि एकै पटक उरलव मनाइदिँदा हप्तौंसम्म कारखाना स्वतः बन्द गर्नुपर्ने स्थिति परेको कुरा मैले जर्मनीमा सुनेको थिएँ । ज्युरिच पुग्ने प्रबल इच्छाले गर्दा मैले पेट पनि भर्न पाएको थिइनँ ।

भोक बढ्दै जाँदा मुख अँध्यारो हुँदै गइरहेको थियो । चार घण्टाजति पछि राति करिब दस बजेतिर एउटा सुनसान ठाउँमा रहेको रेस्टुराँअगाडि बस अड्यो र चियापानका लागि बीस मिनेटको छुट्टी दिइयो । भोकले रन्थनिएको मेरा निम्ति यो मौका सुवर्ण मात्र होइन अपरिमित अनिवार्य पनि थियो । कुखुरा वा सुँगुरको मासुका चोक्टाहरू सकिइसकेको हुँदा र अरू केही नहुँदा मन नलगाई-नलगाईकन पनि 'गोमांस' हो कि के हो को शरण लिनुपऱ्यो- ज्यान धान्नका लागि ।

राति करिब एक बजेतिर बस ज्युरिचभित्र पस्यो । चारैतिर निस्तब्ध थियो, ज्युरिच सायद मस्त निदाइरहेथ्यो । ठाउँठाउँमा बत्ती झलमल्ल बलिरहेको थियो । हाम्रो बस ज्युरिचको कुन ठाउँमा गएर अडेको हो राति हुँदा थाहा पाइनँ, थाहा पाउने कोसिस पनि गरिएन । घाम उदाउन अझ दुई-तीन घण्टा बाँकी नै थियो । अतः बसभित्रका यात्रीहरू निदाउन, आराम गर्न आँखा चिम्लिएर आआफ्ना सिटमा अडेस लागी बसि नै रहे । आँखा खोलेर वरिपरि हेर्दा सबै यात्रीहरू श्री महेश योगीज्यूले काठमाडौं आई सिकाउनुभएको भावाभूति ध्यान (ट्रान्सेन्डेन्टल मेडिटेसन) मा मग्न भइरहेजस्तो लाग्यो । विचार गरें, यी गोरा युरोपेलीहरूले ध्यानको महत्व ढिला भए पनि बिस्तारै सिक्दै आएका छन् ।

*(क्रमशः)*

स्वास्थ्य

# तितो करेला : विभिन्न रोगको अचुक औषधि



औषधिको रुपमा हेरिने करेला मानव शरीरका निम्ति निकै फाइदाजनक छ । मानिसहरु गर्मीयाममा करेलाको तरकारी बढी खाने गर्दछन् । करेलाले घामबाट पनि बचाउने बताइन्छ । करेलाका धेरै फाइदाहरु छन् - यसले खानामा रुचि बढाउँछ । छालाको संक्रमण, चिलाउने खटिरा, घाउ आदिलाई हटाउँछ । खाएको कुरा राम्ररी पचाउँछ । पेटसफा राख्दछ । कब्जियत हुन दिँदैन । पेटसम्बन्धी विभिन्न रोगजस्तै, ग्याष्ट्रिक, अल्सर आदिलाई कम गर्दै लैजान्छ । रगत शुद्धीकरण गरी सफा राख्न मद्दत गर्छ । मधुमेह रोगीलाई इन्सुलिनको काम गर्छ । यसले छालासम्बन्धी विभिन्न रोगजस्तै यस्तै हातखुट्टाका जोर्नी दुख्ने वा बाथ रोग भएको, पिसाब पोल्ने, पत्थर भएका, अम्लपित्त, (हैजाजस्ता रोगमा करेलाको सेवनबाट फाइदा हुन्छ । तीते करेलालाई उमाल्दा यसमा एन्टिअक्सिडेन्ट उत्पन्न हुन्छ, जसले क्यान्सरको सम्भावनालाई घटाउँछ । औषधिको रूपमा तीते करेलाको हरेक भाग जस्तै फल, पात, बियाँ, जरा आदि विभिन्न प्रकारका रोगको उपचारका लागि प्रयोग गरिएको पाइन्छ । पेटमा जुका लागेको खण्डमा तीते करेलाको बियाँलाई पिनेर सेवन गरेमा यसले पेटमा भएको जुकालाई बाहिर निकाल्न मद्दत गर्छ । साना केटाकेटीलाई झाडा वा वान्ता भइरहेमा तीनवटा करेलाको बियाँ र तीनवटा मरिच पिनेर धूलो गरी पानीसँग खुवाइदिएमा झाडा वा वान्ता रोकिन्छ । मधुमेह रोगीले तीतेकरेलाको धूलो बिहान बेलुका एक एक चम्चा खाइदिएमा यसले इन्सुलिनको काम गर्छ । तीतेकरेलाको पात पिसेर लेप बनाएर लगाएमा छालाको रोग निको हुन्छ । आगाले पोलेको ठाउँमा लगाइदिँदा फाइदा गर्छ ।

तीते करेलाको पात आगोमा तताएर सिधेनुन सँग खानाअघि खाएमा अम्लपित्त रोगमा फाइदा गर्छ । बर्षा याममा हैजा लागेको शंका लागेमा वा हैजाको पहिलो चरणमा छ भने करेलाको रस वा पातको रस खाएमा फाइदा गर्छ । यसका लागि (दुई चिया चम्चा रसमा त्यति नै मात्रा सेतो प्याजको रस मिलाई खानुपर्दछ । यसको जरालाई पिसेर लेप बनाएर पाइल्समा लगाए यसले फाइदा गर्छ । यसको जराको रसमा बराबर मात्रामा मह वा तुलसीको रस मिसाएर दिनहुँ राति एक महिना जति खाएमा श्वासप्रश्वास सम्बन्धी रोग (जस्तै चिसो लाग्ने, दम, ब्रोन्काइटिस, घाँटीको रोग आदिबाट मुक्ति पाउन सकिन्छ । तीते करेलाको दिनहुँ सेवनले शरीरको तौल कम गर्न वा घटाउन मद्दत गर्छ ।

तीते करैलाको सेवनबाट पेटको क्यान्सर र मधुमेह निको पार्न सकिन्छ । हाम्रो गाउँठाउँ पाखा भित्तो सबैतिर उत्पादन गर्न सकिने तिते करेलाको प्रयोगबाट पेटको क्यान्सर र मधुमेह निको हुन्छ भन्दा जोसुकैलाई अचम्म लाग्न सक्छ , तर यो सत्य साबित भएको छ । धेरैलाई थाहा नहुन सक्छ हामीले तरकारीको रुपमा प्रयोग गर्दै आइरहेको तिते करैलाको प्रयोग औषधीको रुपमा पनि प्रयोग गर्न सकिन्छ । यसैलाई मध्यनजर गर्दै बैज्ञानिकहरु करैला सेवनबाट पेटको क्यान्सर र मधुमेह कसरी निको पार्न सकिन्छ भन्ने अनुसन्धानमा जुटेका छन् । तिते करैलाको सेवनले इनसुलिनलाई नियमित गर्न सहयोग गर्छ । र इनसुलिन नियमित भएको खण्डमा पेट संबद्ध क्यान्सरमा आराम मिल्छ ।

जनावरमा गरिएको अनुसन्धानले पनि देखाइसकेको छ कि तिते करैलाको सेवनबाट बोसोको मात्रा घटाउन सहयोग पुर्याउँछ । परम्परालाई हेर्ने हो भने पनि तिते करैला जुन अन्य तरकारी वा फलफूलहरु मध्य तीतो सब्जीको रुपमा परिचित छ । र यसको प्रयोगले ताप जरो, पीडा, छालामा हुने खरावी तथा आगोले पोलेक घाउ निको पार्छ । तीते करेला र पेट संबद्ध क्यान्सर पेट संबद्ध क्यान्सर भनेको यस्तो बेथा हो जुन अत्यन्तै तीर्व गतिमा फैलिने गर्छ र साधारण उपचार जस्तै केमोथेरापी र रेडियोथेरापीलाई समेत टेरदैन । अमेरिकाको कोलोराडो विश्वविधालयमा तीते करैलाको प्रयोग पेटका क्यान्सर रोगीमा गरिएको थियो । पेट संबद्ध क्यान्सरका चार विभिन्न लाइनमा गरिएको अध्यन जुनमा प्यानक्रियाटिक क्यान्सर सेलका बारेमा अध्ययन गरिएको थियो । उक्त अनुसन्धान अनुसार तिते करैलाको प्रयोगबाट पेटको क्यन्सर र मधुमेहको सघन उपचार हुन सक्ने पत्तो लागेको छ । अनुसन्धानकर्ता त्यतिबेला अचम्ममा परे जव तीते करैलाको जुसले क्यान्सर सेलको बृद्धीमा अवरोध पुरया्यो र त्यसलाई मारिदियो । र ट्युमर जसमा पानी भरिएको हुन्थ्यो त्यसको आकार ६० प्रतिशतले घट्यो । तर शरीरमा कुनै प्रकारको खरावी वा साइड इफेक्ट भने देखिएन । तीते करैला र मधुमेह मधुमेहको उपचारमा तीते करैलाको सेवनका बारेमा धेरै अनुसन्धानहरु गरिएको छ । तर ती सबै अध्यनहरुको निचोड भने एउटै छैन ।

जरनल अफ इथनोफारमाकोलोजीमा २०११ मा प्रकाशित एउटा अध्यनलाई हेर्ने हो भने , तीते करैलाको सेवनले मधुमेह २ का उँ सबैतिर उत्पादन गर्न सकिने तिते करैलाको प्रयोग बाट पेटको क्यान्सर र मधुमेह निको हुन्छ भन्दा जोसुकैलाई अचम्म लाग्न सक्छ , तर यो सत्य साबित भएको छ । धेरैलाई थाहा नहुन सक्छ हामीले तरकारीको रुपमा प्रयोग गर्दै आइरहेको तिते करैलाको प्रयोग औषधीको रुपमा पनि प्रयोग गर्न सकिन्छ । यसैलाई मध्यनजर गर्दै बैज्ञानिकहरु करैला सेवनबाट पेटको क्यान्सर र मधुमेह कसरी निको पार्न सकिन्छ भन्ने अनुसन्धानमा जुटेका छन् ।

तिते करैलाको सेवनले इनसुलिनलाई नियमित गर्न सहयोग गर्छ । र इनसुलिन नियमित भएको खण्डमा पेट संबद्ध क्यान्सरमा आराम मिल्छ । जनावरमा गरिएको अनुसन्धानले पनि देखाइसकेको छ कि तिते करैलाको सेवनबाट बोसोको मात्रा घटाउन सहयोग पुर्याउँछ । परम्परालाई हेर्ने हो भने पनि तिते करैला जुन अन्य तरकारी वा फलफूलहरु मध्य तीतो सब्जीको रुपमा परिचित छ । र यसको प्रयोगले ताप जरो, पीडा, छालामा हुने खरावी तथा आगोले पोलेक घाउ निको पार्छ ।

तीते करैलाले पेट संबद्ध क्यान्सर निको पार्छ । पेट संबद्ध क्यान्सर भनेको यस्तो बेथा हो जुन अत्यन्तै तीर्व गतिमा फैलिने गर्छ र साधारण उपचार जस्तै केमोथेरापी र रेडियोथेरापीलाई समेत टेरदैन । अमेरिकाको कोलोराडो विश्वविधालयमा तीते करैलाको प्रयोग पेटका क्यान्सर रोगीमा गरिएको थियो । पेट संबद्ध क्यान्सरका चार विभिन्न लाइनमा गरिएको अध्यन जुनमा प्यानक्रियाटिक क्यान्सर सेलका बारेमा अध्ययन गरिएको थियो । अनुसन्धानकर्ता त्यतिबेला अचम्ममा परे जव तीते करैलाको जुसले क्यान्सर सेलको बृद्धीमा अवरोध पुरया्यो र त्यसलाई मारिदियो । र ट्युमर जसमा पानी भरिएको हुन्थ्यो त्यसको आकार ६० प्रतिशतले घट्यो । तर शरीरमा कुनै प्रकारको खरावी वा साइड इफेक्ट भने देखिएन ।

तीते करैला र मधुमेह मधुमेहको उपचारमा तीते करैलाको सेवनका बारेमा धेरै अनुसन्धानहरु गरिएको छ । तर ती सबै अध्यनहरुको निचोड भने एउटै छैन । जरनल अफ इथनोफारमाकोलोजीमा २०११ मा प्रकाशित एउटा अध्यनलाई हेर्ने हो भने , तीते करैलाको सेवनले मधुमेह २ का बिरामीको रगतमा भएको ग्लुकोजलाई अत्यधिक मात्रामा घटायो । तर जरनल अफ क्लिनिकल इपिडीमीयोलोजी मा प्रकाशित २००७ को अध्यनलाई हेर्ने हो भने त्यसले मधुमेह २ मा कुनै फाइदा पुर्याएको देखिदैन ।

मेमोरियल सलोन केट्रिङ क्यान्सर सेन्टरका अनुसार तीते करैलाले रगतमा भएको ग्लुकोज लेभललाई घटाउन सक्छ, तर यसले इन्सुलिन वा अन्य उपचारलाई कसरी इन्टरयाक्ट गर्छ थाहा छैन । त्यसैगरि तीते करैलाको सही मात्रा पनि पत्तो लगाइएको छैन, त्यसकारण तीते करैलालाई इनसुलिन वा हाइपोग्लाईसेमिक ड्रग्स थेरापीको सट्टामा लिन सकिन्न । तीते करैलाको प्रयोग कसरि गर्ने तीते करैला फलफुलका रुपमा, पेयका रुपमा वा यसको वियाँको प्रयोग खानमा मिलाएर पनि सेवन गर्न सकिन्छ । तीते करैलाको परिकार हर्बलका रुपमा पनि उपलब्ध छ । तीते करैलाको मात्रा धेरै भयो भने यसले पेटमा दर्द, पखाला जस्ता समस्या ल्याउन सक्छ । तसर्थ एक दिनमा दई औन्स वा दुई वटा भन्दा बढी प्रयोग नगर्नुहोस् । गर्भवती महिलाले तीते करैलाको प्रयोग नगर्नुहोस् किनकि यसले पेटको बच्चालाई हानी पुर्याउँछ र गर्भ समेत तुहिन सक्छ । यदि तपाई तीते करैलाको प्रयोग गर्न चाहनु हुन्छ भने सर्वप्रथम आफ्नो चिकित्सकको सल्लाह लिन नभुल्नु होला । करेला एन्टिअक्सिडेन्ट र भिटामिनले भरिपूर्ण हुन्छ ।

# महाराष्ट्रमा बिजेपीको दाउपेच नाकाम

**भारतको राजनीतिमा अहंभूमिका खेल्ने महाराष्ट्रको सत्ता राजनीतिले नयाँ मोड लिएको छ । शिवसेना अध्यक्ष उद्धव ठाकरे महाराष्ट्रको मुख्यमन्त्री बन्ने लगभग पक्का भएको छ । ठाकरेलाई शिवसेना, एनसीपी र कंग्रेसले विधान सभा नेतामा चयन गरेका छन् । एनसीपी अध्यक्ष शरद पवारले तीन दलीय गठबन्धन सरकारको नेतृत्व ठाकरेले गर्ने बताए । कुनै पनि दलले प्रस्ट बहुमत नपाएपछि चुनावपूर्वको गठबन्धनअनुसार सरकार गठनका लागि भाजपा र शिवसेनाबीच भने सहमति जुटेन । भाजपाले शिवसेनाले सरकारमा ठूलो भाग खोजेको आरोप लगायो भने शिवसेनाले चुनावअघि मुख्यमन्त्रीको कार्यकाल आधाआधा गर्ने सहमति भएको दाबी गर्‍यो ।**



**विष्णु भट्टराई**





महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडनाभिसले राजीनामा दिएका छन्। मुख्यमन्त्रीको पद सम्हालेको ८० घन्टापछि फडनाभिसको राजीनामा आएको हो। सरकार गठन गर्न आवश्यक बहुमत नपुगेपछि उनले राजीनामा दिएका हुन्। उनलाई अदालतले बुधबारसम्म फ्लोर टेस्ट पास गर्न निर्देशन दिएको थियो। फडनाभिस र अजित पवारले शनिबार बिहान मुख्यमन्त्री र उपमुख्यमन्त्रीको शपथ लिएका थिए। सरकार गठन प्रक्रिया अप्रजातान्त्रिक र असंवैधानिक भएको भन्दै अन्य पार्टीले सर्वोच्चमा उजुरी दिएका थिए।

२८८ सिट भएको महाराष्ट्रको विधानसभामा सामान्य बहुमत जुटाउन १४५ सांसदको समर्थन आवश्यक पर्छ। १०५ सिट भएको भाजपालाई ४० सिट आवश्यक थियो। विधानसभामा प्रतिनिधित्व गर्ने एनसिपीका ५४ सांसदको सहयोगबाट उसले सरकार गठन गर्ने दाउ गरेको थियो। तर, एनसिपीबाट तीनजना मात्र सांसदको समर्थन मिलेपछि भाजपा संकटमा परेको थियो।

सरकार गठन गर्न आवश्यक बहुमत नपुगेपछि आफूले राजीनामा दिएको फडनाभिसले बताएका छन्। 'एनसिपीका अजित पवारले उपमुख्यमन्त्रीबाट राजीनामा दिए। एनसिपीको साथ छ भनेर हामीले सरकार गठन गरेका थियौँ। तर, अजितले नै राजीनामा दिएपछि हामीसँग सरकार गठनका लागि पर्याप्त संख्या पुगेन। तसर्थ, मैले पनि राजीनामा दिएँ,' फडनाभिसले भने। शिवसेनासँग शक्ति बाँडफाँडमा सहमति नभएपछि सरकार गठनमा समस्या भएको उनले स्वीकार गरे। 'भाजपा र शिवसेनाको गठबन्धनलाई सरकार बनाउन जनताले म्यान्डेट दिएका थिए, तर शिवसेनाले यसलाई गणितीय रूपमा व्याख्या गर्न खोज्यो। उनीहरूको बार्गेनिङ पावर अझै बढ्न सक्ने हामीले महसुस गर्‍यौँ,' उनले थपे।

फडनाभिसलाई फ्लोर टेस्ट पास गर्ने अदालतले निर्देशन दिएपछि प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित साहबीच भेटवार्ता भएको थियो। तर, पार्टीले बहुमत सिद्ध गर्न नसक्ने भएपछि उनीहरूले फडनाभिसलाई पदबाट राजीनामा दिन निर्देशन दिएका थिए। फडनाभिसको राजीनामासँगै सरकार गठनका लागि दाबी पेस गर्दै आएको शिवसेना, राष्ट्रवादी कंग्रेस र कंग्रेस पार्टीलाई सरकार बनाउन गभर्नरले आह्वान गर्ने सम्भावना बढेको छ।

विधानसभा निर्वाचन सम्पन्न भएको एक महिना बित्दा पनि महाराष्ट्रमा सरकार गठन हुन सकेको छैन। कुनै पनि दलले प्रस्ट बहुमत नल्याएको र गठबन्धनका परम्परागत घटक भारतीय जनता पार्टी र शिवसेनाबीच शक्ति बाँडफाँडमा सहमति नभएपछि ठूलो दल भाजपाले सरकार गठनमा आफ्नो दाबी त्यागेको थियो। भाजपाले सरकार गठनमा आफ्नो दाबी छाडेपछि दोस्रो ठूलो दल शिवसेनाले भाजपाबाहेकका दलहरूको सहमतिमा गठबन्धनमा सरकार बनाउन छलफललाई तीव्रता दिइरहेको छ। शिवसेनाले कंग्रेस र एनसिपीलाई विश्वासमा लिएर बनाउन लागेको नयाँ गठबन्धनलाई धेरैले अस्वाभाविक भन्न थालेका छन्। नयाँ बन्ने गठबन्धनले एक साताभित्र सरकार गठन गर्ने बताइएको छ।

२१ अक्टोबरमा सम्पन्न विधानसभा निर्वाचनमा महाराष्ट्रमा प्रधानमन्त्री नरेन्द्र मोदीको हिन्दू राष्ट्रवादी भाजपा १०५ सिट ल्याएर सबैभन्दा ठूलो बन्न सफल भएको थियो। २८८ सिट रहेको महाराष्ट्रमा भाजपाको गठबन्धन शिवसेनाले ५६ सिट ल्याएको थियो। दुई प्रमुख विपक्षी पार्टीहरू क्षेत्रीय राष्ट्रवादी कंग्रेस पार्टी (एनसिपी) को ५५ सिट छ भने कंग्रेस ४४ सिटमा खुम्चिएको थियो।

दुई पार्टी विगत तीन दशकदेखिका गठबन्धनका सहयात्री थिए र चुनावपछि महाराष्ट्रमा दुवै पार्टीको गठबन्धनमा सरकार बन्ने अनुमान गरिएको थियो। पूर्वसहमतिअनुसार भाजपाले शिवसेनाको सहयोगमा सरकार गठनको प्रस्ताव गरेको थियो। तर, शिवसेनाले 'रोटेसन'का आधारमा दुई पार्टीबाट मुख्यमन्त्री हुनुपर्ने माग गरेपछि भाजपाले सरकार गठनको दाबी त्यागेको थियो। दुई पक्षबीच वार्ता भइरहेका वेला शिवसेनाले केन्द्रीय सरकारबाट आफ्ना मन्त्री फिर्ता बोलाएको थियो। तोकिएको समयभित्र कुनै पनि पार्टीले सरकार गठन गर्न नसकेपछि महाराष्ट्रमा गत सातादेखि राष्ट्रपति शासन लागू भएको छ।

शक्ति बाँडफाँडको विषयमा भाजपा पार्टीसँग सहमति हुन नसकेपछि शिवसेनाले यतिवेला एनसिपी र कंग्रेसलाई फकाइरहेको छ। तर, शिवसेनाले प्रस्ताव गरेअनुसारको नयाँ गठबन्धन अस्वाभाविक हुने र यसले समस्या निम्त्याउने राजनीतिक पण्डितको धारणा छ। ५३ वर्ष पुरानो शिवसेना कट्टर हिन्दूवादी पार्टी हो। सुरुमा यो पार्टी विशेषगरी मुम्बईको मराठी समुदायबीच लोकप्रिय थियो। तर, आफ्नो वास्तविक भोट बैंक गुमाएपछि उसले हिन्दूहरूको चासोबारे आवाज चर्को उठाउन थालेको थियो। ऊ परम्परागत रूपमा कंग्रेसविरोधी पार्टी हो।

सन् १९९३ मा मुम्बईमा हिन्दू र मुसलमान समुदायबीचको दंगा भड्काउन पार्टीका संस्थापक नेता स्व. बाल ठाकरेको हात रहेको धेरैले आरोप लगाएका थिए। सो दंगामा ९ सयजनाको मृत्यु भएको थियो। पछिल्ला वर्षमा सो पार्टीको पहिचान क्षेत्रीयताबाट साम्प्रदायिकतामा रूपान्तरण हुन थालेको राजनीतिक विश्लेषक सुहास पलसिकार बताउँछन्। स्वघोषित धर्मनिरपेक्ष कंग्रेस र एनसिपीलाई शिवसेनाको नेतृत्व स्विकार्न गाह्रो भइरहेको छ। 'कंग्रेस र एनसिपीसँग सहकार्य गर्दा सेनाका लागि नै आत्मघाती हुनेछ,' महाराष्ट्रको लोकसत्ताका सम्पादक गिरीश कुवेर भन्छन्।

भारतीय राजनीतिमा एउटासँगको गठबन्धन टुटेपछि हतारमा अस्वाभाविक गठबन्धन कायम गर्ने अनौठो संस्कार छ। जस्तै- भारत प्रशासित कस्मिरमा भारतीय जनता पार्टी र विखण्डनकारी क्षेत्रीय पिडिपीबीचको अस्वाभाविक गठबन्धन केही समयको तिक्ततापछि सन् २०१८ मा टुटेको थियो। बाल ठाकरेका पुत्र तथा शिवसेनाका वर्तमान प्रमुख उद्धव ठाकरेले भाजपाले पिडिपी, जनता दल युनाइटेड (बिहारमा) र तेलगु देशम पार्टी (आन्द्र प्रदेश) सँग अप्राकृतिक गठबन्धन गरेको भन्दै शिवसेना र कंग्रेस तथा एनसिपीबीचको गठबन्धन स्वाभाविक भएको तर्क गर्दै आएका छन्। समान आदर्श नभएको गठबन्धन लामो समय टिक्न नसक्ने विश्लेषक राहुल बर्मा बताउँछन्।

भारतको राजनीतिमा अहंभूमिका खेल्ने महाराष्ट्रको सत्ता राजनीतिले नयाँ मोड लिएको छ। शिवसेना अध्यक्ष उद्धव ठाकरे महाराष्ट्रको मुख्यमन्त्री बन्ने लगभग पक्का भएको छ। ठाकरेलाई शिवसेना, एनसीपी र कंग्रेसले विधान सभा नेतामा चयन गरेका छन्। एनसीपी अध्यक्ष शरद पवारले तीन दलीय गठबन्धन सरकारको नेतृत्व ठाकरेले गर्ने बताए। कुनै पनि दलले प्रस्ट बहुमत नपाएपछि चुनावपूर्वको गठबन्धनअनुसार सरकार गठनका लागि भाजपा र शिवसेनाबीच भने सहमति जुटेन। भाजपाले शिवसेनाले सरकारमा ठूलो भाग खोजेको आरोप लगायो भने शिवसेनाले चुनावअघि मुख्यमन्त्रीको कार्यकाल आधाआधा गर्ने सहमति भएको दाबी गर्‍यो।

भाजपा र शिवसेनाबीच सरकार गठनका लागि सहमति नजुटेपछि राज्यपाल कोसियारीले विपक्षीलाई सरकार गठनका लागि एक दिनको समय दिए। तर, त्यसभित्र विपक्षीबीच सहमति जुट्न नसकेपछि उनले राष्ट्रपति शासनको सिफारिस गरेका थिए। राष्ट्रपतिले उक्त सरकारलाई सदर पनि गरे। विपक्षीले राज्यपाल कोसियारीले संवैधानिक भूमिकाको अवहेलना गरेर राष्ट्रपति शासनको सिफारिस गरेको आरोप लगाए। उनीहरूले सरकार गठनका लागि भाजपालाई ४८ घन्टा दिने तर आफूहरूलाई भने २४ मात्र दिइएको भन्दै राज्यपालले पक्षपातपूर्ण व्यवहार गरेको आरोप लगाएका थिए। तर, सरकार गठनको विकल्पमाथि छलफल चलिनै रह्यो।

विपक्षी भारतीय राष्ट्रिय कांग्रेस, एनसीपी र शिवसेना मिलेर सरकार गठनका लागि पहल सुरु गरेका थिए। गएको शुक्रबार राति १२ बजेसम्म चलेको छलफलमा शिवसेना प्रमुख उद्धव ठाकरेलाई मुख्यमन्त्री बनाउने गरी तीनै दल सरकार गठन गर्न सहमत भएका थिए। तर 'रात रहे अग्राख पलाउँछ' भनेजस्तै एक रातमै राजनीतिले आश्चर्यजनक मोड लियो।

एनसीपीका अध्यक्ष शरद पवारका भतिजा नेता अजित पवारले आफैंले पार्टीका तर्फबाट निर्णय गर्दै भाजपासँग मिलेर सरकार गठन गर्ने सहमति गरे। त्यहीअनुसार सहमतिको चिठी राज्यपाल कोसियारीलाई पठाइयो। शनिबार बिहान ७ बजे मुख्यमन्त्री फड्नावीस र उपमुख्यमन्त्री पवारले शपथ पनि लिए। उक्त घटनाले विपक्षी खेमा ठूलो खैलाबैला मच्चियो। रातभरिको घटना क्रमलाई यति गोप्य राखिएको थियो कि राज्यपालको कार्यालयले बिहान शपथ ग्रहणको समय सार्वजनिक गरेपछि मात्र त्यसको खुलासा भएको थियो।

विधानसभामा सरकारको पक्षको बहुमत पुग्न नदिन लागिपरेका पवारले विपक्षी गठबन्धनले सरकारलाई विश्वासको मत हासिल गर्न आदेश जारी गराउन सर्वोच्चमा रिट दायर गरे। त्यसपछि सत्ता गठबन्धनले प्रभाव पार्न सक्ने सम्भावना देखेर विपक्षी गठबन्धनले आफ्ना सबै सांसदलाई मुम्बईको एक होटलमा राखेको थियो। सर्वोच्च अदालतले बुधबार साँझ ५ बजेसम्म विश्वासको मत लिनेलगायत सबै प्रक्रिया पूरा गर्न आदेश दिएपछि भाजपा गठबन्धनमाथि नैतिक दबाब पर्‍यो। महाराष्ट्रमा विकसित घटना क्रमलाई लिएर अपराह्न प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह र भाजपाका कार्यवाहक अध्यक्ष जेपी नड्डाबीचको बैठकपछि भाजपा गठबन्धन पछि हट्ने निर्णयमा पुगेपछि मुख्यमन्त्री फड्नावीसले राजीनामा दिए।

राज्यपाल कोसियारीले विधान सभाको अधिवेशन डाकेका छन्। योसँगै विपक्षीका गठबन्धनका लागि सरकार गठनको बाटो पनि खुला भएको छ। र, विकसित पछिल्ला घटना क्रमसँगै महाराष्ट्रको सत्ता राजनीतिले आश्चर्यजनक ढंगले नयाँ बाटो लिएको छ। सँगै सत्तारूढ दल भाजपाका लागि नमीठो अनुभव पनि सावित भएको छ। त्यति मात्र होइन, भाजपा गठबन्धन पछाडि हट्नुलाई भारतीय सञ्चारमाध्यम र राजनीतिक विश्लेषकहरूले शरद पवारको ठूलो राजनीतिक विजयको रूपमा अर्थ्याएका छन्।

*(एजेन्सीहरुको सहयोगमा)*

# शालिग्राम शिला पाइने महत्वपूर्ण तीर्थस्थल : मुक्तिनाथ

पर्यटन



मुक्तिनाथ हिन्दू तथा बौद्धमार्गीहरूको महत्वपूर्ण तिर्थस्थल हो । हिमालपारीको जिल्ला मुस्ताङ जिल्लामा अवस्थित उक्त मन्दिर समुद्र सतहदेखि ३,७१० मीटरको उचाईमा रहेको छ हिन्दूहरूले मुक्ति क्षेत्र र बौद्धमार्गीहरूले तिब्बती भाषामा छुमिङ ग्यात्सा भन्दछन् । पवित्र स्थलमा १०८ वटा ढुङ्गाले बनाएको गाइको मुखबाट निक्लीएका धाराहरु छन् । जसबाट पवित्र जल बगिरहेको हुन्छ भन्ने विश्वाश जन्मानसमा छ । बडा दसैं र चैत्र दसैंमा मेला लाग्ने गर्छ । मन्दिरको ठीक अगाडि दुई वटा पोखरी (कुन्ड)छन् । एकतर्फी धर्म कुन्ड र अर्कोतर्फी पाप कुन्ड छ । यहाँ अन्य मन्दिरहरु आसपासमा रहेको छ ।

मुक्तिनाथ वैष्णव सम्प्रदायको प्रमुख मन्दिरहरू मध्ये एक हो । यो तिर्थस्थल शालिग्राम भगवानको लागि प्रसिद्ध छ । शालिग्राम पवित्र शिला हो जसलाई हिन्दू धर्ममा पुज्ने गरिन्छ । उक्त शिला मुख्य गरी कालिगण्डकी नदीमा पाइन्छ । मुक्तिनाथ मन्दिर रहेको ठाउँलाई मुक्तिक्षेत्रको नामले चिनिन्छ । हिन्दु धार्मिक मान्यता अनुसार मुक्तिनाथ यस्तो क्षेत्र हो,जहाँ मानिसहरुलाई मुक्ति तथा मोक्ष प्राप्त हुन्छ । मुक्तिनाथको यात्रा जटिल रहेको छ तैपनि हजारौ संख्यामा हिन्दू धर्मावलम्बी तिर्थ गर्नका लागि जाने गर्दछन् । यो मन्दिर हिन्दु धर्मको दुर्गम तिर्थस्थलमा पर्छ । मुक्तिनाथ १०८ दिव्य देशहरूमा एक हो । दिव्य देश वैष्णवहरूको पवित्र मन्दिर हो । यस शिलाको निर्माण यस्तो प्रागैतिहासिक कालमा पाइने किराको जीवाश्मबाट भएको थियो ।

पौराणिक मान्यता अनुसार शालिग्राम शिलामा विष्णुको निवास हुन्छ । जब भगवान शिवले जालन्धर नामक असुरसँग युद्धमा जित्न सकेका थिएनन् त्यो बेला भगवान विष्णुले उनको मद्दत गरेका थिए । जबसम्म असुर जालन्धरकी पत्नी वृन्दाले आफ्नो सतीत्व बचाएर राखेकी थिइन् । तबसम्म जालन्धरलाई कसैले पनि पराजीत गर्न सक्दैनथ्यो । त्यो अवस्थामा भगवान विष्णुले जालन्धरको रूप धारण गरेर वृन्दाको सतीत्वलाई नष्ट गर्ने काममा सफल भएका थिए । जब वृन्दाले थाहा पाइन् त्यो बेलासम्म भगवान शिवले जालन्धरलाई मारिसकेका थिए । वृन्दाले भगवान विष्णुलाई शिला, रुख, झारपात र घाँस भएर जीवन व्यतीत गर्नु परोस भनेर श्राप दिएकी थिइन् । फलस्वरूप कालान्तरमा जो हिन्दू धर्मका आराध्य हुन् ति विष्णुले भगवान शालिग्राम शिला , पिपल, तुलसी र कुश भएर जन्म लिनु परेको धार्मिक मान्यता छ ।

किम्वदन्ती अनुसार मुक्तिक्षेत्रमा मोक्ष प्राप्ति हुन्छ । त्यस ठाउँमा भगवान विष्णु शालिग्राम शिलामा निवास गर्दछन् । मन्दिरको बाटो भएर उत्तरीपश्चिमी क्षेत्रका महान बौद्ध भिक्षु पद्मसम्भव बौद्ध धर्मको प्रचार प्रसारका लागी तिब्बत गएका थिए भन्ने जनविश्वास छ । वि.सं. २०६२ सालको मंसिर महिनामा मुक्तिनाथका पिठाधिश्वर कमलनयन आचार्य लगायत लाखौं नेपाली भक्तजनहरूले नेपाललाई तत्कालिन दन्द्वबाट मुक्ति मिलोस् भनेर मुक्तिनाथका १०८ शालिग्रामलाई हरिद्वारमा लगेर गंगाको तटमा सवालाख गाइको दूधले नुहाएर सवाकरोड बत्ती बाली पूजा गरिएको थियो । मुक्तिनाथको पूजापछी लामो समयसम्म चलेको गृहयुद्धबाट नेपालले मुक्ति पाएको थियो ।

२०७६ मंसिर १४ गते शनिबार हुने उपनिर्वाचनमा सही तरिकाले मतदान गर्न सिकौं र सिकाऔं । आफ्नो अमूल्य मत बदर हुनबाट जोगाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

प्रेरक

## सुखी जीवनको रहस्य

एउटा गाउँनजिकै घना जंगल थियो। त्यहाँ अनेक जनावर र चराचुरुंगी बस्थे। एउटा लाटोकोसेरो पनि परिवारसाथ त्यहीँ बस्थ्यो। जंगलका सबै पशुपक्षी उसको बोलीलाई अत्यन्त अशुभ मान्थे। त्यसैले, उसलाई कसैले पनि आफ्नो नजिक आउन दिँदैनथ्यो। उसले बोल्नासाथ सबैले उसलाई बेस्सरी गाली गर्थे र सकभर भगाउने प्रयत्न गर्थे। ऊ नजिकको मानव बस्तीतिर पनि जान सक्दैनथ्यो। मानिसले पनि उसलाई मन पराउँदैनथे। प्रायः रातको समयमा बोल्ने लाटोकोसेरोको आवाज सुनेपछि मानिसले पनि उसलाई बेस्सरी गाली गर्थे। कतै देखिहाले भने ढुंगाले हान्न्समेत बेर लगाउँदैनथे।

जंगलदेखि मानव बस्तीसम्मै यस्तो अपमान हुन थालेपछि लाटोकोसेरो निकै दुःखी भयो। उसलाई आफ्नो परिवार लिएर कतै टाढाको अर्कै जंगलतिर जान पाए हुन्थ्यो जस्तो लाग्न थाल्यो। दिनप्रतिदिन उसमा निराशा बढ्दै गयो। नजिकै उसको निकै मिल्ने साथी चमेरो बस्थ्यो। एकरात दुवै एकै स्थानमा भेला भए। लाटोकोसेरोले भन्यो(मित्र चमेरो, म त अब यहाँ बस्न नसक्ने भएँ। जता गए पनि सबैले मलाई खिल्ली उडाउँछन्। कसैले पनि मलाई नजिक जान दिँदैनन्।

मानिसले त झन् मलाई देख्नै सक्दैनन्। अब म परिवार लिएर अन्तै जान्छु। तिमीहरू राम्ररी बस्नू! चमेरोले सम्झाउँदै भन्यो( मित्र लाटोकोसेरो, जहाँ गए पनि परिस्थिति यस्तै हो। आफू जन्मेको स्थानमा त यो अवस्था छ भने नयाँ ठाउँमा के मात्रै नहोला ? तिमी जहाँ गए पनि तिम्रो आवाज त साथमै जानेछ। अनि, तिमीले त्यहाँ पनि अपमान नै त पाउनेछौ। त्यसैले, चिन्तित हुनुपर्ने कुनै कारण छैन। उनीहरूले तिम्रो निन्दा गर्छन् भने तिमी त्यता ध्यानै नदेऊ। आफूले सद्गुण अपनाऊ। यही त हो, सुखी जीवनको रहस्य।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। मिहिनेत परे पनि समयमा काम नबन्न सक्छ। सहयोगको तत्परता देखाउनेहरू पछि हट्नेछन्। शुभचिन्तकसमेत प्रतिपक्षीको प्रभावमा आउन सक्छन्। आन्तरिक सूचना बाहिरिन सक्छ, गोपनीयतामा ध्यान पुर्याउनुहोला। रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्नेछ। उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला।

### बृष

बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ। परिवारजनको साथले उत्साह जगाउनेछ। अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ। व्यापार र पेसामा राम्रै फाइदा हुनेछ। आफन्तसँग सुमधुर सम्बन्धका लागि व्यवहारमा ध्यान पुर्याउनुहोला। आलस्य गर्नाले काममा विलम्ब हुन सक्छ। अरूको भरपर्दा लाभ उठाउन नसकिएला।

### मिथुन

प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ। स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे फाइदा उठाउन सकिनेछ। तर ईर्ष्यालु मन भएकाहरूले सताउन सक्छन्। आफ्ना सामानमा अरूले दाबी गर्नेछन्। परिस्थितिसँग सम्झौता गर्नुपर्ला। विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ।

### कर्कट

कान र अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ। अप्ठ्यारा परिस्थितिले काम गर्न विलम्ब हुनेछ। समयको तालमेल नमिल्दा आफ्ना विषयवस्तुमा अरूले दाबी गर्नेछन्। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला। गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ। पढाइलेखाइमा त्यति समय दिन नसकिएला। अरूको विश्वास गर्दा काममा धोका हुन सक्छ।

### सिंह

परिस्थितिअनुसार निर्णय नलिँदा काममा बाधा पर्ने देखिन्छ। हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ। बेसुरमा दिइएको वचनले समस्या निम्त्याउन सक्छ। महत्त्वपूर्ण योजना तत्काल सार्वजनिक नगर्नुहोला। आफूलाई विश्वास नलागेका व्यक्तिहरूले भने केही फाइदा दिलाउनेछन्। नसोचेको धन प्राप्त हुनाले घरायसी अभाव पूरा गर्न सकिनेछ।

### कन्या

नयाँ काम प्रारम्भ गर्ने समय छ। मिहिनेतले दिगो फाइदा दिलाउनेछ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। उद्योग र व्यापारमा सामान्य फाइदा हुनेछ। छोटो समयमा पनि केही प्रतिफल पाइनेछ। तर विश्वास दिलाएर स्रोत फुत्काउनेहरूले धोका दिन सक्छन्। गोपनीयताका लागि अलि चनाखो रहनुहोला।

### तुला

समयमा आफ्नो हक दाबी गर्न नसक्दा कम मात्र लाभांश प्राप्त हुनेछ। आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ। अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ। शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला। धेरै मिहिनेतले मात्र चिताएको काम बन्नेछ। बोलीको प्रभाव कमजोर हुने हुँदा काममा मिहिनेत गर्नुपर्ला।

### बृश्चिक

रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ। विशेष अवसरले प्रसन्नता दिलाउनेछ भने सहयोगीहरूको साथले काममा उत्साह जगाउनेछ। विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ भने आकर्षक उपहार प्राप्त हुन सक्छ। अवसर जुट्नेछ तर आलस्य गर्ने बानीले काम अधुरो रहन सक्छ। पछिका लागि जग बसाउने समय छ।

### धनु

भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ। परिवारजनबाट टाढिनुपर्ला। प्रलोभन देखाउनेहरूले फसाउन सक्छन्। दिगो योजनाका लागि ऋण लिनुपर्ने आवश्यकता पर्न सक्छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। करकापमा परी काम वा विशेष निर्णय गर्नुपर्ने परिस्थिति आउन सक्छ। आफ्ना कमजोरीबाट लाभ उठाउनेहरू सक्रिय हुने समय रहेकाले चनाखो रहनुहोला।

### मकर

दिगो काम प्रारम्भ हुनेछ। प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ। पहिले रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ। आम्दानीका स्रोत बढ्नाले मनग्य धनलाभ हुनेछ। व्यापारमा राम्रै फड्को मार्न सकिनेछ। श्रमको उचित मूल्यांकन हुनेछ। सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ। छोटो समयमै उपलब्धि हातलागी हुनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ।

### कुम्भ

राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। व्यापारमा पनि राम्रै फाइदा उठाउन सकिनेछ। विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ। प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ। प्रयत्न गर्दा सामाजिक जिम्मेवारी प्राप्त हुनुका साथै आफ्नो वर्ग वा क्षेत्रको नेतृत्व पनि हातलागी हुने समय छ। पुराना कामको चर्चा हुनेछ र नयाँ काम गर्ने अवसर जुट्नेछ।

### मीन

श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य कम मात्र पाइएला। आफ्नो क्षेत्रमा अरूले हस्तक्षेप गर्न सक्छन्। अरूका लागि बुद्धि खर्चनुपर्नेछ। जीवनशैली व्यस्त रहनेछ र उपलब्धिविहीन काममा समय बित्न सक्छ। तापनि, गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ। मिहिनेत गर्दा उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ। प्रयत्न गर्दा पछि फाइदा हुने काम सुरु गर्न सकिनेछ।

विज्ञानकथा

## फोहोरमैला व्यवस्थापनको एउटा बिम्ब "निलो ड्रम"

**कञ्चन दिक्षित**



आजभोलि एकाबिहानै हिँड्ने मानिसको संख्यामा वृद्धि हुन थालेको छ। हुन पनि किन नहोस् डाक्टरले बिहान हिँड्नै सल्लाह दिन्छन्। मधुमेह र उच्च रक्तचापका लागी बिहान हिँड्दा फाइदा हुन्छ भन्छन् डाक्टरहरु। एकाबिहान कहाँ र कता हिँड्न जाने ? दिउँसो वायू प्रदूषण, मानिस र गाडीको भीडले हिँड्न गाह्रो हुन्छ भने बिहान जताततै सडकमा कार्पेट सरह छरिएको फोहोरको डुङ्गर र कुचीकारले कुचा चलाउँदा निस्केको धुलोले। कहाँबाट आयो बिहान बिहानै यति धेरै फोहोर ? काठमाडौं उपत्यकाको जनसंख्या मात्रै चालीस लाख मानिसले प्रयोग गरी फालेका सामान, खाद्यान्न आदि प्रतिदिन कति धेरै हुन्छ होला अनुमान गर्न पनि कठिन छ।

एक अध्ययनले देखाएअनुसार काठमाडौं उपत्यकामा प्रतिदिन आठ सयदेखि एक हजार टन फोहोरमैला उत्पादन हुने रहेछ। यी फोहोरमा प्लास्टिकको झोला, लत्ताकपडा, टिन र फलामले बनेका सामान तथा सिसाका टुक्रा र रेष्टुरेन्टबाट निस्कने खाद्य र अखाद्य फोहोर विशेष हुन्छन्।

अहिले फोहोर व्यवस्थापनमा महानगरपालिकाले गरेको व्यवस्था भनेको कुनै निश्चित ठाउँमा फोहोर फाल्न दिनु र विहान उठाएर लैजानु, विहान साना फोहोर उठाउने गाडी टोलटोल लगेर फोहोर संकलन गर्नु हो। अनि केही ठाउँमा साना फोहोर फाल्ने भाँडोको व्यवस्था हो। महानगरपालिकाबाहेक कतिपय निजी कम्पनीले पनि फोहोर उठाउने गरेका छन्। तर उनीहरुले उठाएका फोहोर फाल्ने, पुनः प्रयोग गर्ने वा पुनः प्रयोगमा ल्याउने व्यवस्था छैन। बरु यी फोहोर पनि अन्त्यमा नगरपालिको फोहोरमा नै मिसिने हो। यस्ता फोहोरमा भेटिएका प्लास्टिक केही मात्रामा छुट्टै संकलन भएको देखिए तापनि अन्त्यमा यो कता पुग्छ भन्ने स्पष्ट देखिँदैन।

साना साना प्लास्टिकजन्य फोहोरको सम्बन्धमा अहिले देखिएको फोहोर गुट्खा, पानपराग र सुर्तीको खोलहरु छन् जुन प्रयोगकर्ताले जताततै फाल्ने गर्छन् र यसको उचित ब्यवस्थापन हुँदैन। नगरपालिकाले ठाउँ ठाउँमा प्रदूषण मापन गर्ने उपकरण जडान भएको पछाडि बटुवाले प्रयोग गर्ने साना साना फोहोर राख्न सानो बिन राखेको छ जुन सराहनीय कार्य छ। यसका केही समस्या भने पक्कै छन्। पहिला त धेरै मानिसले यस्तो विनको अगाडिको तस्बिर हेरेर एउटा बिज्ञापन भन्ने मात्र बुझेका छन् भने यो विन धेरै सानो भएकोले दिनभरिको हिँड्ने मानिसले फालेका यस्ता फोहोरको मात्रा धान्न सकेको छैन्। यसका लागि ठूला विन नै राखिनुपर्छ र धेरै ठाउँमा राखिनुपर्छ।

हामी सबैलाई थाहा छ, जताततै फोहोर फाल्न हुन्न भनेर। यो कुरा अरुलाई सिकाउन सजिलो पनि छ। तर मानिसले गर्दै आएको बानीमा परिवर्तन ल्याउन र जताततै फोहोर नफाल्ने विकल्प दिन भने चाहिँ गाहो छ। उदाहरणका लागि धेरै वर्षअघि काठमाडौंको फोहोर उठाउन जिम्मा पाएको जर्मनीले, घरभित्रको फोहोर बाहिर ल्याएर फाल्नुस् भनेर ठूला ठूला फलामे ड्रम राखिदिएको थियो। जस्ले गर्दा मानिसहरुलाई घरको फोहोर बाहिर ल्याएर फाल्ने बानी लाग्यो जुन अहिलेसम्म कायम छ। पछि पछि मानिसहरुले त्यहाँ ड्रम भए वा नभए पनि फोहोर बाहिर थुपार्न थाले। यो बानी बसिसकेकोले



सरकारले विकल्प नदिएसम्म यो यथावत नै रहन्छ।

केही ब्यक्तिले सामाजिक सञ्जालको आडमा मानिसहरुलाई बाटोमा फोहोर नफाल्न तर्साउँदै गरेको देख्न वा सुन्नमा आउने गरेको छ। एक जना नागरिकका हिसाबले जथाभाबी फोहोर फाल्न नदिनु र पहरेदारी गर्नु यो धेरै राम्रो कुरा हो तर यसरी फोहोर बाटामा फाल्ने बानी कसरी लाग्यो भन्ने मनोवैज्ञानिक विश्लेषण गर्न जरुरी छ न कि मोबाइलको क्यामेराले सिधा प्रशारणबाट बेइज्जत गर्नु। फोहोरमैला व्यवस्थापनमा मनोवैज्ञानिक प्रसङ्ग जोडिएको हुनाले यो धेरै नै संवेदनशील विषय छ। यो बाटोमा फोहोर फाल्ने प्रकृया तबसम्म रोकिने छैन् जबसम्म मानिसहरुले यसको विकल्प पाउँदैनन्। बरु यस्ता व्यक्तिले सोसल मिडियाको सट्टा नगरपालिकासँग समन्वय गरी धेरै फोहोर फालिने ठाँउमा ड्रमको व्यवस्था गर्न पहल गरिदिएमा फोहोर व्यवस्थापनमा सधाउ पुग्ने थियो।

नयाँ सडकमा किन बेलुका फोहोरको थुप्रोको चाङ लाग्छ ? के यहाँ बस्ने व्यापारीहरुको फोहोर फाल्न हुन्न भन्ने चेतना नभएर नै हो त ? एक पटक विचार गरौं त। यी व्यापारीहरुको व्यापार बिहान १० बजेबाट शुरु हुन्छ र साँझमा सकिन्छ। नगरपालिकाको गाडी बिहान ६ वा ७ बजे मात्र आउँछ भने साँझसम्म जम्मा भएको फोहोर कता राखेर जाने। भोलि बिहान ६ बजे फोहोरका लागि मात्र आउन पनि व्यवहारिक कुरा भएन। त्यसैले साँझमा सडकमा फालेर जान्छन्। यदि साझको बेलामा नगरपालिकाले एउटा ड्रम यो ठाउँमा राखिदिने र बिहान लैजाने हो भने उनीहरुलाई विकल्प हुन्छ र विस्तारै व्यवस्थापनमा सुधार हुन्छ। यस्तो उपत्यकाका अन्य ठाउँमा पनि गर्न सकिने छ।

म आफ्नो घरमा निस्कने फोहोरलाई (प्लास्टिक, सिसा, टिन र फलाम) छुट्टयाएर राख्छु र भान्छाबाट निस्केका तरकारीको टुक्रा र अन्य कुहिने फोहोरलाई हेरेर नगरपालिकाबाट किनेर ल्याएको ड्रममा वा मल बनाउने गड्यौलालाई हाल्छु। नकुहिने फोहोरको हकमा भने नगरपालिकाको फोहोर उठाउने ट्रकमा हाल्दा यी एकै ठाउँमा हाल्छु। किनकी मसँग अरु विकल्प छैन। जब म यो फोहोरलाई ड्रममा हाल्छु त्यसरी छुट्याएको फोहोरको औचित्य के नै रह्यो र। पक्कै पनि म जस्तै अरुले पनि यस्तो किसिमको समस्या भोग्नुपरेको हुनसक्छ। प्रतिदिन उठाउने फोहोरको तालिका बाहेक हप्ताको एकचोटि प्लाष्टिक वा सिसा मात्रै छुट्टै सङ्कलन गर्न आएमा हामी जस्ता वातावरण जोगाउनु पर्छ, फोहोर गर्नु हुदैन भन्ने मानिसलाई सहज हुने थियो। हामीकहाँबाट उठाइएका यस्ता फोहोर ल्यान्डफिल्ड साइटमा नभई यसलाई पुनः प्रयोग गरिएमा फोहोर मैलाको राम्रो र सहज व्यवस्थापन हुने थियो। साथसाथै नगरपालिकाको आय पनि बढ्ने थियो।

अहिलेको युगमा फोहोर भनेको पैसा हो। फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रले फाइदा देखेर भित्र छिरिसकेको छ। तर अझै पनि हामी फोहोर व्यवस्थापनमा चुकेका छौं। हामी पहिलाको पुस्तालाई त फोहोर हेर्ने वा फोहोरमा बस्ने बानी लागिसकेको छ तर अबको नयाँ पुस्तालाई यो आदत हस्तान्तरण नगरौं। देशलाई सफा राखौं र निरोगी बनौं।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Vacuous = खोक्रो वा रित्तो वा मूर्ख A vacuous expression can not attract the public (खोक्रो अभिव्यक्तिले कसैलाई पनि आकर्षण गर्न सक्तैन)

Wrest = बलजफतले आफ्नो पक्षमा पार्नु To wrest a confession by giving torture is against human right (यातना दिएर दोष स्वीकार गर्न लगाउनु मानव अधिकारको विपरीत हुन्छ)

Yokel = गँवार वा पाखे Regarding him as a yokel, everybody laughs at him (पाखे सम्झेर सबैले उसलाई खिसी गर्छन)

Zap = जोस जाँगर र क्षमता Being a woman, she is so full of zap that no can easily believe it (आइमाई भएर पनि तिनी यति जाँगरिलो र क्षमतावान छिन् भन्ने कुरा कसैले पनि सजिलै विश्वास गर्दैनन्)

Adulterate = मिसावट गर्नु It is a crime to adulterate foods (खाद्य पदार्थमा अखाद्य कुरा मिसाउनु अपराध हो)

Burgeon = छिटो छिटो बढ्नु Third world countries have a burgeoning population (तेस्रो विश्वका देशहरूमा जनसंख्या छिटोछिटो बढ्दो छ )

Chicanery = धोकापूर्ण, छलकपटपूर्ण In developing countries, the politicians are always accused of chicanery (विकासशील देशहरूमा राजनीतिज्ञहरू प्रायः धोकापूर्ण अभिव्यक्तिको लागि आरोपित हुने गर्दछन)

Desiccate = सुकाउनु Fresh vegetable can be desiccated for future use (ताजा तरकारीहरू पछिको प्रयोगको लागि सुकाएर राख्न सकिन्छ)

Embellish = गहनाद्वारा सिंगार्नु। राम्रो बनाएर प्रस्तुत गर्नु I do not like the cloth embellished with laces and ribbons (फित्ता र फुर्काफुर्की (रिवन) जडेर बनाइएको लुगा मलाई मनपर्दैन )

Fervor = संवेदनशील र भावनापूर्ण As he speaks with great fervor, he tends always to be cheered (ऊ संबेदनशील भएर भावपूर्ण किसिमबाट भाषण गर्ने भएको हुँदा ऊ सधैं थपडी र वाहवाहको पात्र बन्ने गर्दछ)

## Call बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Call of something = केही कुराको आर्कषण The call of this forest really made me feel relaxed यो जंगलको आर्कषणले मलाई साँच्चै चनावमुक्त बनायो ।

Call for something = माग There is no call for such films nowadays आजकाल यस्तो चलचित्रको कुनै माग छैन।

Call on somebody = लोकप्रिय She was a famous actress with many calls on her time तिनी आफ्नो पालामा निकै लोकप्रिय नायिका थिइन ।

Call on something = रुचि There are still so many having call on drama नाटकमा रुचि हुने अझै पनि धेरै छन्।

Call of nature = दिसा वा पिसाव लाग्नु Where is rest room I got a call of nature, मलाई पिसाव लाग्यो शौचालय कहाँ छ ?

Be on call = ब्यस्त हुनु Being a famous physician, he is mostly on call प्रख्यात चिकित्सक भएको कारण ऊ सधैं ब्यस्तै रहन्छ।

Within call = नजिक Being within call, I heard her shouting नजिकै भएको कारण उनले चिच्याएको मैले सुने ।

Call girl = देह व्यवशाय गर्ने केटी Everyone knows her as a call girl देह ब्यवशाय गर्ने केटी भनेर तिनलाई हरेकले चिन्छ।

Call box = टेलिफोन With mobile phones call box is going to be displaced मोबाइलको कारण टेलिफोन विस्थापित हुँदैछ ।

Call to somebody = कसैलाई टेलिफोन गर्नु He makes a call to me once a week हप्ताको एकपटक उसले मलाई टेलिफोन गर्छ।

### सुडोकु-अंक १७६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ६ | | | | ४ | | ५ | |
| | | | | ५ | २ | १ | | |
| | | | | | | | ७ | ९ |
| १ | | | | | | | २ | |
| | | ५ | ६ | | ९ | ३ | | |
| | २ | | | | | | | ४ |
| ७ | १ | | | | | | | |
| | | २ | १ | ३ | | | | |
| | ९ | | ४ | | | | ६ | |

### अंक १७५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ५ | २ | ९ | ३ | १ | ६ | ७ | ८ |
| ३ | ६ | ७ | ५ | ४ | ८ | २ | ९ | १ |
| ९ | १ | ८ | २ | ७ | ६ | ४ | ३ | ५ |
| ७ | ९ | १ | ४ | ८ | ३ | ५ | २ | ६ |
| ६ | ४ | ३ | ७ | ५ | २ | ८ | १ | ९ |
| २ | ८ | ५ | ६ | १ | ९ | ३ | ४ | ७ |
| १ | २ | ६ | ३ | ९ | ५ | ७ | ८ | ४ |
| ५ | ७ | ९ | ८ | २ | ४ | १ | ६ | ३ |
| ८ | ३ | ४ | १ | ६ | ७ | ९ | ५ | २ |

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003

# शब्दचित्रमा डा. नर्वदा थापा



**Personal Information**
**Name** Prof. Narbada Thapa, PhD Epidemiology
Brigadier General (Rtd)

**Address and Contact Residence**
New Baneshwar, Kathmandu, Nepal
Telephone 977-1-4473464 ®, 9851103677(mobile)
E-mail: narbada2013gmail.com. G.P.O. Box 7605,
House no.202, Kathmandu, Nepal
**Permanent Address:**
Basdol, Ward No 12, Banepa Municipality, Kavre, Nepal
**Nationality** Nepali
**Gender** Female

**Current Affiliation:** Deputy Principal/ Faculty member
ICMS (Institute of Crisis management Studies
Dhumbarahi, Kathmndu, Nepal

## I. EDUCATION
Ph.D. Epidemiology, Prince of Songkla University, Hat-Yai, Thailand, 1999
M.Sc. Epidemiology (Public Health), Prince of Songkla University, Hat-Yai, Thailand, 1995
Bachelor's degree in Child Health Nursing, T.U. Institute of medicine Nursing campus, Nepal, 1987
Intermediate level (Social Science and economic), T.U. Institute of Humanities& Social Science, Nepal, 1984
Certificate level of Medicine, T.U. Institute of medicine, Nepal, 1981

## II. EMPLOYMENT/WORK EXPERIENCE
**Deputy Principal/ Professor, 2018- on**
Institute of Crisis Management Studies (ICMS)
Academic management, Facilitating teaching and learning
**Visiting Professor** of Epidemiology and Research: **2017- on**
MPhil Program, Health Education Department, TU central campus
Nepalese Army Institute of Health Sciences
**Executive Director / Principal Investigator, 2017-on**
Initiative for Research, Education and Community Health (InREACH-Nepal) Kathmandu
- *Supervision, coordination, Implementation and Evaluationof research works under the InREACH-Nepal " Alcohol Consumption among Reproductive age women: consequences on Maternal and Child Health inNepal (JointProjectofInREACH Nepal and Oslo University Norway)*
- *Guide and supervise PhD students under the different universities including Oslo University, Norway*
  *Implementation of "Girls education program, a joint program of InREACH-Nepal and Jhamste Canada.*

**Founder Principal *(Brigadier General)*- College of Nursing and Professor in Community medicine, College of Medicine,** 2011 -2017
Nepaleses Army Institute of Health Sciences (NAIHS), Nepal Army, Kathmandu, Nepal.
- *Academic activities; Administration/ Management of institute; Supervision, coordination, Policy making etc, Conduct classes on community medicine – to the MBBS students and Nursing students*

**1.Nursing Director (Brig. Gen)** (April **2008- May 2011)**
Shree Birendra Hospital, Nepal Army
- ***Administration:****Recommends to hospital director on the developing modifying the hospital practice to deliver an effective patient care*
- ***Coordination and communication*** *with different departments*
- ***Helping in policy development and implementation***
- ***Educational activities:*** *Plan, Coordinate, conduct training as needed*
- ***Supervision, guidence and*** *evaluation of staff's performances.*
- *Ensure adequate patient care in hospital and medical settings*

**2 Nursing Officer at variouslevels of responsibilities (1988 – 2008)**
- (Joined Army as Second Leutenant)

**3. TASK Force member and consultant epidemiologist**
Shree Birendra Hospital, Nepal Army
HIV/AIDS Prevention and Control program, UNDP Program. **(2003- 2008)**
- *Implementation of HIV/AIDS and STI Prevention and Control Program in Nepal Army sponsore by UNDP.*
- *Baseline study*
- *Intervention of Peer education program*
- *HIV/AIDS orientationprogram*
- *Organizing VCT service*
- *Development of HIV/AIDS TOT and PET manual*

**4.Investigators Team and Liaison officer- Hepatitis E Vaccine Trial study (2001- 2004, NA,** WARUN, *USAMC – AFRIMS*
- *Planning, coordination and scientific contribution in field research conducted by US Army and WARUN in collaboration with Nepal Army "Phase II, prospective, randomized, double-blind, placebo controlled field efficacy trial of a candidate hepatitis E vaccine in Nepal". WARUN and Armed Forces Research Institute of Medical Sciences (USAMC – AFRIMS*

**5.Public Health Officer (January, 2000),** Pachkhal Training Center, Nepal Army
- *Worked as public health officer to ensure health and hygiene of International Army troops involved in joint Multi Platoon Training Event (military training) organized by Nepal Army in collaboration with UN Peace Keeping Mission (UNPKM)*

*Management and coordinate safe water, food and over all hygiene.*
**6. Visiting Associate Professor, 1995-2005**
Institute of Medicine TUTH, Maharajgunj
Teaching Epidemiology and research for Master's students and help in developing research proposal, and thesis writing.
**7.Academic and Research Coordinator**
NUFU program office affiliated with IOM **(1995-2001)**
- *Proposal writing, conducting research, report writing and coordinate all programs under NUFU project*
- *Principle investigator in Community based reproductive health study in Jumla.*

**8.Resource Person and Research consultant, 1999-2003**
Nepal Health Research Council
- Research and Epidemiology workshop and training *Reviewing scientific article*
- ***HEV= Hepatitis E Vaccin trial.***

*NUFU = Norwegian University's Committee for Development, Research and Education.*

## III. DECORATION/ AWARD / MEDAL
1. Honored with the "***Subrabal Jana Sewa Shree***(Third), by Nepal Government April 2015 (2071.12.25 BS)
2. ***"COAS Commendation medal"*** Award, Nepal Army, January 2015 (Magh 2071).
3. Recognized as ***"Distinguished Women in Nepal"*** 2018, Historical PhotoExibition, Nepal Art Council, Babarmahal, Kathmandu, Nepal, May 2018.
4. Certificate of appreciation in recognition of outstanding support for the Combined Nepal – United States Combat Lifesaver Subject Matter Expert Exchange (SMEE) Course held in Kathmandu from 6th July – 20 July 2006.
5. Certificate of appreciation for outstanding support in the "Critical Lifesaving Skills For First Responders Course" conducted by USAF, DIMO. Kathmadnu, Nepal. 15-19 Aug 2005.
6. Certificate of appreciation for extraordinary commitment and dedicated service as "Investigator and Liaison "Phase II, prospective, randomized, double-blind, placebo controlled field efficacy trial of a candidate hepatitis E vaccine in Nepal". WARUN and Armed Forces Research Institute of Medical Sciences (USAMC – AFRIMS). June 2004.
7. National Civil FelicitationAward (2061BS)
   2004 AD
8. GorkhaDaksinBahu – 4th Medal
   2002 AD
9. BirendraAyiswaryaPadak, Medal
   2002 AD
10. MahendraBidhyaBhusan (PhD)First, Award and Medal 2000 AD

## IV. PUBLICATIONS
1. Status of migration and socio-reproductive impacts on migrants and their families left behind in Nepal, MIGRATION AND DEVELOPMENT, ***Jan 2019***. Informa UK Limited, trading as Taylor & Francis Group.
2. Alcohol Consumption Practices among Married Women of Reproductive Age in Nepal: A Population Based Household Survey. *PLoS ONE* 11(4): e0152535. doi:10.1371/journal.pone.0152535. ***April 2016.***
3. Alcohol Consumption during Pregnancy and Postpartum Period and its Predictors in Sindhupalchowk District, Nepal, *J Nepal Health Res Counc* ***2016 Sep - Dec****;14(34):143-53.*
4. Nepalese Homebrewed Alcoholic Beverages: Types, Ingredients, and Ethanol Concentration from a Nation Wide Survey, *JNHRC* Vol. 13 No. 1 Issue 29 Jan - Apr 2015*; 13(29): 59-65.*
5. Anxiety and Depression among Pregnant Women and Mothers of Children Under one Year in Sindupalchowk District, Nepal, *J Nepal Health Res Counc 2018 Apr-Jun;16(39): 195-204,* April 2018.
6. Child mortality in Jumla District of Nepal, 1971 through 1995: Trends and Socio-economic Differentials. *Journal of Nepal Health Research Council.* 2002; 1 (1): 47-57.
7. High-risk Childbirth Practices in Remote Nepal and their determinants, *Women & Health*. 2000; 31(4):83- 97.
8. Infant death rates and animal-shed delivery in remote rural areas of Nepal, *Social Science & Medicine.* 2000; 51 (2000): 1447- 1456.
9. Childbirth and management of obstetric emergencies: a challenge for safe-motherhood program in remote Nepal, *Nursing journal of Nepal*, August 2000 (abstract)
10. Study on health and socioeconomic status of mothers and children living in Bijeshwari Army Family Quarter, *MJSBH*. 2000; 3 (3): 53-58.
11. Child Survival Trend in Remote Nepal, *JMSBH*. 1999; 2(2): 44-49.
12. Reproductive health and outcome of pregnancy among mothers, delivered in three hospitals of Kathmandu in 1992. *JNMA*. 35(121) 1997.
13. Gestational Diabetes Mellitus – A Public Concern in Rural Communities of Nepal, JNHRC Vol. 13 No. 3 Issue 31 Sep - Dec 2015 (31):175-81
14. Knowledge of Diabetes Mellitus among Pregnant Women in Three Districts of Nepal, JNHRC. J Nepal Health Res Counc 2013 Sep;11(25):259-63.
    Prevalence of depression and associated risk factors among persons with type-2 diabetes mellitus without a prior psychiatric history: a cross-sectional study in clinical settings in urban Nepal, *BMC Psychiatry* 2013, 13:309, http://www.biomedcentral.com/1471-244X/13/309, doi:10.1186/1471-244X-13-309.
    Changing trends on the place of delivery: why do Nepali women give birth at home?, *BMC Reproductive Health* 2012, 9:25 http://www.reproductive-health-journal.com/content/9/1/25
15. Safety and Efficacy of a Recombinant Hepatitis E Vaccine, The *New England Journal of Medicine*. March 1, 2007;356(9): 895- 903.
16. Neurohumoral Behavior of Epilepsy with Neurocysticercosis in Nepal, *JKMC 2000*. 2000; 2(1):46-73.
17. Understanding Epidemiology: Role in Disease Control and Health Event, Annual Publication, Nepal Army. 2003.
18. HIV/AIDS Epidemic: a striking health problem of this World and Nepal, *MJSBH*. 2002; 5: 69-73. REVIEW PAPER).
19. Why go to traditional healer? The Kathmandu Post Sunday; Sept 6, 1998. (article).
20. An introduction to "FIRST AID TREATMENT". *Nursing Journal of Nepal*, 1988. (Review).
21. Understanding Epidemiology: Role in Disease Control and Health Event. Sepahi Army Journal year 39. Nepal Army Head Quarter 2006 (2063); 137- 141

## V. RESEARCH WORK/ CONSULTANCY as Principal Investigator/ Team leader *Involved in more than 20 studies. Few of them are listed*
1. **2019:** First Aid and awareness program to the Saman and Badi community of Bajhang District.
2. **2013- 2019:** Alcohol consumption study among reproductive age wome in Nepal.
3. **2017-2018:** Girls Mentorshp Progarm organized by **U.S. Embassy** – Kathmandu, (ODC).Girls of grade 7 to 10 from schools of 3 distrcts. Issues on Girl trafficking, Voilance, Leadership, self protection, different type of abuse were discussed.
4. **2005:**Final assessment of the effectiveness of Radio Health program in improving reproductive health knowledge and contraceptive practice among reproductive age women and men in Siraha district . **Save the Children** US, Maharajgunj, Kathmandu, Nepal.
5. **2004:**Retrospective review of hepatitis A and B Epidemiology in Nepal: 1983- 2003. **WHO** Polio Eradication office, Lalitpur.
6. **2004:**Need Assessment on Voluntary HIV/AIDS Testing and Counseling in Kathmandu Valley. **Family Health International (FHI),** Kathmandu, Nepal.
7. **2003:**Final Assessment Report on Maternal and Newborn Care and Obstetric First-Aid Care Intervention Program". MCHW operation research in Nuwakot District. **Save the Children**, US. Maharajgunj, Kathmandu, Nepal.
8. **2003:**Prevalence and risk factors associated with sexually transmitted infections among the transport workers in mid and far western region of Nepal. **Save the Children** US and Development Resource Centre, Kathmandu, Nepal.
9. **2002:**Final evaluation on HIV/AIDs Enhanced Support, Phase II.(ESPHIN II 1999- 2002) in Nepal. **Save the Children,** US. Kathmandu, Nepal.
10. **2002:**A Study on Knowledge, Attitude and Practices Concerning Reproductive Health, STDs and HIV/AIDS among the Adolescents/ Youth of Four Districts: Rauthat, Rasuwa, Gulmi and Surkhet. Swiss Development Cooperation in collaboration with **Nepal Red Cross Society**, Kathmandu, Nepal.
11. **1999:**Community based reproductive health study in Jumla District of Nepal: Emphasizing on childbirth practice, obstetric complication and child survival. Prince of Songkla University and **NUFU program** supported 1999

## VI. CONTRIBUTION TO ACADEMIC RESEARCH ACTIVITIES:
1. **Research Supervisor and guide**

a. PhD students -
- Oslo University, Norway=2 (2013-2018);
- Mewar University, India = 4 (2015 on) ;
- Tribhuban University, Nepal (2017 on) = 2

b. Master students: 10 from various universities

## VII.Latest and ongoing Projects: conducted and supervised:
*Project 1: Alcohol consumption practice among Nepalese Women: Consequences on pregnancy and child health, growth and development in Nepal*
*Project 3: Early Teenage Pregnancy: Maternal Health and Pregnancy Outcome at tertiary level maternity hospital, Nepal.*

## VIII. Referee / Peer reviewer of scientific journals
- ***PLOS ONE Journal:****Peer-reviewed open access scientific journal published by the Public Library of Science since 2006. The journal covers primary research from any discipline within science and medicine*
- ***BMC International:****peer-reviewed open access journal.*
  ***IJMS (Indian Journal of Medical Scinces)*** The Indian Journal of Medical Sciences is a monthly peer-reviewed open access medical journal published by Medip Academy on behalf of the Indian Journal of Medical Sciences Foundation. Wikipedia,
- ***Journal of Nepal Health Research council (JNHRC);***
- ***NNC (Nepal Nursing Council Journal); NAN; etc***
  ***Hindawi:*** About Hindawi. Hindawi is one of the world's largest publishers of peer-reviewed, fully Open Access journals. working with the global academic community to promote open scholarly research to the world. publishers of peer-reviewed scholarly scientific work. www.hindawi.com[http://www.hindawi.com
- ***International Journal of Nursing and Midwifery (IJNM)*** ijnm@academicjournals.org ; http://www.academicjournals.org www.academicjournals.org.http://publicationethics.org/files/Peer%20review%20guidelines.pdf
- ***Annals of Pancreatic Disorders and Treatment***
- ***Prudent Journals***

**http://prudentjournals.org/IRJESS/**
- ***Reproductive Health Journal***

http://www.reproductive-health-journal.com/
reproductivehealthjournal@biomedcentral.com

## IX. SHORT COURSES AND TRAINING WORKSHOP
- ***"Hospital Preparedness for Emergencies - Training for Instructors (HOPE- TFI)"***, Adpc and Institute of Medicine, TUTH; Park Village Resort, BudhaNilkantha, Kathmandu, Nepal 2013 (August 26- 30).
- ***"Training Institute Management"***, Training Institute for Technical Instruction (TITI), Sano Thimi, Bhaktapur, Kathmandu. 2013 (March 11- 15);
- ***"Teacher Training on Helping Students Learn Better (TOT)"***, National Center for Health Professions Education, TUIOM, TU Institute of Medicine, Kathmandu. 2012 (March 11- 16),
- ***"Humanitarianism and Crisis Management"***, WFP and Living Peace and Daily Justice Institute, Kathmandu, Nepal. 2008 (January 13-18)
- ***"Diploma in Army Field Hospital Administration"***. Second Military Medical University of Chinese People's Liberation Army, Shanghai, China. Sept.2006 – June 2007
- ***"Health Emergencies in Large Polulations"***. Center of Excellence in Disaster management and humanitarian assistance., Hawaii, USA. July 17 – 4 August 2006,
- ***"Asia Pacific Regional HIV/AIDS Education & Counseling"*** Workshop, Center of Excellence and Armed Forces Research Institute of Medical Science (AFRIMS) Bangkok, Thailand November 30-December 3, 2004.
- ***"Critical Life Saving Skills for First Responders ( MASL D309024)"*** Defence Institute for Medical Operations (DIMO), US, Kathmandu,Nepal. May 17- 21, 2004.
- ***"ICRC War Surgery Workshop"***. ICRC, Kathmandu , Nepal Nov 24 - 28, 2002, Second
- ***"Challenges to sustainable health development in urban areas in Asia"***. Singapore- Norway Third country training program. National University of Singapore., Singapore April 2002 and 2003,
- ***Technical Officer's Army Basic Course,*** 1989, Kathmandu

## X. SPECIFIC INFORMATION:
1. First PhD graduate in Nepal Army - (1999 AD)
2. First PhD in "Epidemiology Subject" in Nepal.
3. First student to accomplished PhD degree from of Prince of Songkla University, Thailand. Degree Awarded by Princess Chulabhorn Walailak .
4. Published more than 23 Scientific Research Articles in national and international journals in various health related issues. Active participation in scientific work specifically in maternal and child health related areas.
5. Active member in TASK force committee during the establishment of Nepalese Army Institute of Health Sciences (NAIHS). And **Founder** Principle of NAIHS-College of Nursing.
6. Contrbuted in Developing Nepalese Army Institute of Health Sciences (NAIHS) as a center of excellence and for its higher achievement. Under the Principalship, NAIHS- College of Nursing was **Recognized and Awarded as Best Nursing College among all CTEVT affiliated Health Science Program in Nepal "National Award 2070"** And awarded **"Nepal Chhatra Vidya Padak"** from Rt. Honorable President of Nepal to BN student for National best standing in Bachelor program among TU Health Science Programs in the year 2071.
7. Highly motivated and devoted:
   - to uplift the women and children in Nepal through various activities
   - social work: organize/ contribute health camps, education and awareness campian in the community
   - Humaneterian assistance: standby all the time.

## जिल्ला...

अवसरमा आयोजित उक्त कार्यक्रमको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि बालअधिकारकर्मी तथा सुरेन्द्र ढकाल फाउन्डेसनका अध्यक्ष सुरेन्द्र ढकालले गर्नुभएको थियो ।

संस्थाको अध्यक्ष राजेश घिमिरेको अध्यक्षता र सचिव श्रीकृष्ण थापाले संचलन गरेको उक्त कार्यक्रममा नगरस्तरीय वालसंरक्षण समिति चाँगुनारायणका सदस्यसचिव नवराज काफ्ले, नगरस्तरीय एनजिओ फेडेरेसनका अध्यक्ष दिपेश विसुखेलगायतले आफ्नो मन्तब्य राख्नुभएको थियो । कार्यक्रममा उद्घाटन मन्तब्य दिँदै प्रमुख अतिथि ढकालले वाल अधिकारबारे सबैभन्दा पहिले बालकहरु नै सचेत हुनुपर्ने भन्दै यस किसिमका कार्यक्रमले वालअधिकारबारे उनीहरुको ज्ञानमा वृद्धि भई उनीहरुको क्षमतामा अभिवृद्धि हुन गई वालअधिकारको ग्यारेन्टी हुने बताउनुभयो । महानगरीय प्रहरी परिसर भक्तपुरका प्रमुख एसपी सविन प्रधानले जिल्ला बाल भेला एंव क्षमता अभिवृद्धि कार्यक्रममा सहजीकरण गर्नुभएको थियो ।

## दुतावासअगाडि...

भने- नेदरल्यान्डमा भएका सम्पूर्ण संघसंस्थाका प्रतिनिधिहरुको सहभागितामा यो स्वाधीनताको लडाइँमा विश्वभरका नेपालीहरुले भारतीय हस्तक्षेपविरुद्ध चरणबद्ध खबरदारी गर्नुपर्छ ।

नेपाली जनसम्पर्क समिति, नेदरल्यान्डका उपाध्यक्ष वेदराम कँडेलले भने- 'भारतीय विस्तारवादको विरुद्धमा सम्पूर्ण न्यायप्रेमी नेदरल्यान्डबासीहरु एक भएर प्रवासबाटै राष्ट्रका लागि भारतीय हस्तक्षेपको विरोधस्वरुप खबरदारी गर्न आएका हौं ।' कँडेलले भने- 'गो ब्याक इन्डिया, ज्यान दिन तयार छौं, हाम्रो भूमि फिर्ता गर ।' केही सातायता प्रवासमा बस्ने नेपालीहरुद्वारा व्यापक रुपमा जनदबाब सिर्जना गर्न भारतीय दुतावासअगाडि यस्ता प्रदर्शन दैनिक रुपमा हुन थालेका छन् ।

## कालापानी प्रकरण...

सन्धिको विरोध गर्दै लामो समय संसद ठप्प गराएका थिए । उनको भौतिक उपस्थिति रहुन्जेल भारतले महाकाली नदीमाथि एकलौटी नियन्त्रण गर्न नसक्ने देखेपछि खुफिया एजेन्सी रअले ड्राइभर अमर लामालाई प्रयोग गरी मदनको हत्या गराएको आशंका अहिले पनि गरिँदैछ ।

महाकाली सन्धिमा सीमाबारे एउटा बुँदामा गोलमटोल कुरा गरिएको छ । नेपाल भारतसीमा महाकालीको वरपर जस्तो वाक्य राखिएको छ । सीमा किटान गरिएको छैन । महाकालीको उद्गमस्थल लिम्पियाधुरा हो । त्यहाँबाट बगेको नदी महाकाली हो नेपाल भारत सीमा यसैले निर्धारण गर्छ भनेर सन्धिमा लेखिएको भए आज यो विवाद उत्पन्न हुने नै थिएन । सीमा निश्चित नगरी सन्धि गरिनु अक्षम्य राष्ट्रघात हो । महाकाली सन्धिले पश्चिमबाट सूर्योदय हुन्छ वार्षिक १ खर्ब २० अर्ब आम्दानी हुन्छ भनेका थिए ओलीले । तत्कालीन एमाले महासचिव माधव नेपालले महाकालीबाट उत्पादित विद्युत् स्याटलाइटबाट चीन र अन्य देशलाई बेच्न सकिने बताएका थिए । सन्धि भएको अढाइ दशक बितिसक्दा पनि ६ महिनामा तयार गर्ने भनिएको डीपीआर अझै बनेको छैन । देश र जनतालाई योभन्दा ठूलो धोका के हुन सक्छ ? यतिबेला उपनिर्वाचनको मौसममा कालापानीका विषयमा कांग्रेस र नेकपा दन्त बझान गरिरहेका छन् । कालापानी नेपालकै भूभाग हो भन्ने विषयमा सर्वपक्षीय राष्ट्रिय धारणा बनेका बेला एकले अर्कोलाई दोषी करार गर्ने कोसिसले कालापानी प्रकरण फितलो बन्दै छ । देउवा लगायत देशको बागडोर चलाउने कुनै पनि दलका नेतालाई कालापानी नदुखेकै कारण भारतले अहिले ३९५ वर्ग किलोमिटर नेपाली भूभाग अतिक्रमण गरेको छ । नेपाली जनताको कार्यादेश पालना नगर्नु र कालापानी क्षेत्र फिर्ता गराउन प्रयत्न नगरेकै कारण कांग्रेस र नेकपाका नेताहलाई भारतपरस्तको आरोप लाग्ने गरेको हो ।

पूर्व पश्चिमदेखि देशको करिब ६२ हजार हेक्टर क्षेत्र भारतले अतिक्रमण गरेको तथ्यांक सार्वजनिक भएका छन् । विगतदेखि अहिलेसम्म नक्सांकन गर्न जाँदा नेपाली अधिकारीले देखाएको लाचारीपन र निरीहपनको फाइदा भारतले उठाउँदै आएको छ । मालपोत तिरेको रसिद, जनगणनाका अभिलेख हुँदाहुँदै पनि रातारात हजारौं हेक्टर जमिन भारतले अतिक्रमण गरेको छ । नेपाालले औपचारिक रुपमा विरोधसम्म गर्न नसकी बर्खायाममा तराई डुबानमा परेर स्थानीयबासी विस्थापित हुनु परेको छ । अन्तर्राष्ट्रिय सीमा नियम उल्लंघन गर्दै भारतले सीमा स्तम्भ (दशगजा) मै उच्च बाँध र सडक बनाएर पानीको प्राकृतिक बहावलाई छेक्दै नेपाललाई बाढको कहर झेल्न बाध्य बनाएको छ । नेपाल र भारतको सीमा विवाद सुल्झाउन परराष्ट्र सचिव स्तरीय बैठकलाई जिम्मा दिइयो तर अहिलेसम्म एकपटक पनि बैठक बस्न सकेको छैन । आफूलाई कूटनीतिकविज्ञ ठान्ने ब्युरोक्रेटहरु समेत भारतीय त्रास र आसमा परेको देखिन्छ । नेतादेखि परराष्ट्र मन्त्रालय, गृह र नापी विभागका सरकारी अधिकारीहरु समेत राष्ट्रियताका सवालमा गम्भीर नरहेको प्रस्ट हुन्छ । नत्र निशानछाप नेपालको नक्सामा कालापानी किन गायब गरिन्थ्यो ?

कालापानी विवाद समाधान गर्न सबै राजनीतिक दल र तिनका नेताहरु मतैक्य हुनुपर्नेमा एकले अर्कोलाई आरोप लगाउँदा घाटा नेपाललाई फाइदा भारतलाई हुन्छ । सीमा समस्याको समाधान जुलुस, धर्ना र भाषण पर्याप्त छैन । यसका लागि कूटनीतिक प्रयासलाई तीव्रता दिनुपर्ने हुन्छ । भारतीय राजदूतलाई परराष्ट्र मन्त्रालयमा बोलाएर कालापानीबारे विरोध जनाउन परराष्ट्र मन्त्री किन सक्दैनन् ? प्रधानमन्त्री ओली कालापानी फिर्ता ल्याएरै छोड्ने बताउँछन् तर यस विषयमा भारतीय समकक्षी नरेन्द्र मोदीसँग टेलिफोन वार्ता समेत गर्न अनिच्छा देखाइरहेका छन् । पाकिस्तान नियन्त्रित आजाद कस्मिर र बलुचिस्तानलाई भारतले नयाँ नक्सामा समेटेपछि पाकिस्तानले तीव्र रुपमा विरोध गर्दै संयुक्त राष्ट्र संघको ढोका घच्घच्याउँदैछ । तर हाम्रा नेताहरु भने कालापानीको विषयलाई जनमत आकर्षित गर्न चुनावी एजेन्डा बनाएर बाझाबाझ गरिरहेका छन् । कांग्रेस र नेकपा दुवै राष्ट्रवादी शक्ति होइनन् । आफू राष्ट्रवादी अर्को राष्ट्रघाती देखाउने यी दुई ठूला दललाई जनताले मतदानमार्फत सबक सिकाउन जरुरी छ ।

## नेपालको वास्तविक...

अविलम्ब पत्र लेख्न सुझाइएको छ । सुगौली सन्धिको धारा ५ का आधारमा उपलब्ध नक्सा ऐतिहासिक दस्तावेज तथा नदी विज्ञानका आधारमा भारतसँग वार्ता गर्न प्रधानमन्त्री तहबाट अविलम्ब कदम चाल्न अभियानले अनुरोध गरेको छ । नागरिक अभियन्ता भैरव रिसालले २०१८ सालमा आफैंले छैटौं राष्ट्रिय जनगणना गर्दा केही विवाद नभएको बताए । त्यतिबेला त्यस क्षेत्रमा तिरो तिरेको कागजपत्र, मोठ रहेको र ती सबै प्रमाणका रुपमा रहेको उनको भनाइ छ । हामीले नक्सामा नालापानी मागेका छैनौं, कालापानी मात्र दिन्नौं भनेका हौं, सानो मुलुक भनेर ठूलो मुलुकले पेल्न खोजेको छ । प्रमाण, सम्झौताहरु हाम्रा पक्षमा छन् । यतिबेला राज्य दह्रो भएर जानुपर्छ, रिसालले भने ।

यसैबीच भारतीय राजपत्रमा कालीनदीको मुहान लिम्पियाधुरा क्षेत्र नै रहेको तथ्य फेला परेको छ । सन् १९११ मा जारी अलमोडा गजेटमा कालीनदीकमो मुख्य स्रोत लिम्पियाधुरा क्षेत्र नेपाली भूभागमा पर्ने स्पष्ट छ । स्थानीय सौका भाषामा कालीनदीलाई कुटीयाङ्दी भनिन्छ । सन् १९६२ को भारत चीन युद्धपछि भारतले कालापानी छेउमा नक्कली कुलो बनाएर त्यसलाई कालीनदी भन्दै आएको छ । सुगौली सन्धिमा भने नेपालको पश्चिम सीमा कालीनदी उल्लेख भएको हुँदा नक्कली कुलोलाई नै काली मानेर भारतले नेपाली भूमि अतिक्रमण गरेको छ । राजपत्रमा भनिएको छ- 'काली नदीको उद्गमस्थल लिम्पियाधुरा क्षेत्रको कुटियाङ्दी हो ।'

भारतले सन् १८५६ पछिका नक्सामा कालीनदीलाई सारेर लिपुखोला कालीनदी भनेको छ भने वास्तविक कालीनदीलाई कुटियाङ्दी भनेको छ । लिम्पियाधुरा क्षेत्रका नाबी, कुटी गुन्जी र छाङरुका जनताले भारत चीन युद्धअघि नेपालको निर्वाचनमा सहभागिता जनाएका थिए । २०१५ सालको आम निर्वाचनमा त्यहाँका बासिन्दाले नेपालमै भोट हालेका थिए । सीमा बचाउ अभियानका अभियानकर्ताहरुले गलत नक्सा देशभरका कार्यालय र पाठ्यपुस्तकबाट हटाउनुपर्ने माग गरेका छन् ।

## बालबालिकालाई...

ठूलो की संस्कार ठूलो ? के अग्रेजी फरर बोल्दैमा ऊ सबै कुरामा पोख्त हुन्छ ? अग्रेजी भाषामा सामाजिक शिक्षा पढेको बच्चाले समाजलाई नेपालीमा हैन अग्रेजीमा नै बुझ्छ । एपल भन्न आउछ तर स्याउ भन्न आउदैन । ग्रामिणस्तरमा एपल हैन स्याउ नै भनेर बुझिन्छ । शहरमा बसेर बोडिङ स्कुलमा पढेको नाती गाउमा गएर हजुरबालाई गुड मरनीङ भन्छ तर हजुरबा केही बोल्नुहुन्न । हजुरबा ढोग गरे वा नमस्कार भनेर नातीलाई भन्न समस्या हुन्छ । उसलाई पेले ग्रुपदेखि नै गुड मरनीङ मात्र सिकाइन्छ । बोडिङ स्कुलमा त नेपाली बोल्दा जरिवाना नै तिर्नुपर्ने अवस्था छदैछ । यो अग्रेजीको मोहले हाम्रो नेपाली संस्कारलाई भुलाउदै लगेको छ । आज हरेक बालबच्चाको बोलीको टोन नै अग्रेजी भएको छ । राम्रो मुख बटारेर अग्रेजी टोनमा बोल्यो भने उसको सान नै अर्को हुन्छ । यसले एक अर्कालाई सम्मान र आदर गर्ने संस्कार विस्तारै विर्सदै लगेको छ ।

नेपालीमा लेखिएको सरकारी कार्यालयको बैंक भौचर भर्न नजानेर एकजना युवा छटपटिदै मलाई सोधे दाई के गर्ने डिग्री गरेको छु यो भौचर भर्न सकिन यसमा त सबै नेपाली मात्र रहेछ अग्रेजीमा भको भए एक मिनेटमा भर्थे Please दाइ हेल्प गर्नु न भनेपछि मले एकछिन ती युवाको अनुहारमा हेरे । तिनको अनुहारमा पछुतोको भाव झल्किरहेको थियो । यो त एउटा तितोसत्य मात्र हो । अग्रेजीको भारी बोकेका बालबालिकाहरु नेपाली निबेदन लेख्न गार्हो हुन्छ । अभिभावकसँग बजार जादा नेपालीमा लेखेको साइनबोर्ड पढन सक्दैन तर अग्रेजीमा छ भने एक सटमा नै पढछ । कतिपय सरकारी कामकाजको लागि सरकारी कार्यालय जादा नेपालीमा नै लेख्नुपर्ने हुन्छ तर अग्रेजीको भारी बोकेको बच्चालाई नेपालीमा लेख्न अरुको साहारा लिनुपर्ने हुन्छ ।

यस्ता घटना कयौ छन । आज अग्रेजीलाई प्राथमिकता दिदा हाम्रा बालबच्चाले नेपालीपन झल्किने सबै कुरा भूल्दै गइराखेका छन । यो कुरा हामीलाई पत्तै छैन । एउटा नेपालीमा आदर गर्ने सम्मान गर्ने बानी नै छैन । बुबा आमा काका काकी दाजुभाइ दिदीबहिनीबाट आज मम डयाड अंकल आन्टी सिस्टर ब्रोदर भएको छ । तर बुबा आमा शब्द आफैमा पृथक पहिचान हो जुन कतै पाइदैन । त्यसैले मेरो बच्चा अग्रेजी बोल्यो भनेर मख्ख पर्नु भन्दा पनि मेरो बच्चाले कस्तो संस्कार सिकिरहेको छ ? अन्तर्राष्ट्रिय क्षेत्रमा अग्रेजीको माग त होला तर यसका साथसाथै नेपाली पनि त्यत्तिकै महत्वपूर्ण छ । आज चिन, जापान, कोरिया, जर्मन जस्ता विकसित मुलुकलाई अंग्रेजी चाहिएको छैन । ती देश जाने हो भने उनीहरु कै मातृ भाषा अनिवार्य सिक्नु पर्छ । तर नेपाल आउने विदेशीहरुले नेपाली भाषा सिक्नु पर्दैन । त्यसकारण भाषाको मोह ठूलो कुरा हैन संस्कार ठूलो कुरा हो । हाम्रो देश पनि विकसित भयो भने अग्रेजी अनिवार्य हैन नेपाली चाहि अनिवार्य नहोला भन्न सकिन्न ।

केजीमा डयाड भन्न सिकाएको बच्चाले बुढो हुँदा पनि डयाड नै भन्छ बुबा भन्दैन । त्यसकारण बच्चालाई आधारभूत तहमा नै सबै कुराको संस्कार दिन सकियो भने पछि राम्रो हुने पक्का छ । यहा अग्रेजी ठिक हैन भन्न खोजिएको हैन तर अहिलेको बालबच्चालाई अग्रेजी जत्तिकै नेपाली पनि सिकाउन जरुरी छ । घरमा बोडिङ पढेको छोरी छ नेपालीमा पत्र आयो पढने मान्छे गाउतिर खोज्न हिडनु पर्छ । यो याथार्थतालाई लुकाउन सकिन्न । त्यसैले हरेक बोडिङ स्कूलमा अग्रेजी विषय घटाएर नेपाली विषय बढाउनु आवश्यक छ । सम्बन्धित निकायले यस कुरालाई बहसमा ल्याउन आवश्यक छ ।

## कन्सोर्टियममा...

संस्थाका उपाध्यक्ष थिए । संस्थाको बिसौं साधारणसभाले उपाध्यक्षमा मोहन दंगाल, महासचिवमा सन्तोष महर्जन, सचिवमा प्रदीपकुमार लामिछाने र कोषाध्यक्षमा देवी रेग्मीलाई निर्वाचित गरेको छ ।

यसै गरी सदस्यहरुमा बृजमोहन कुशवाह, उषा विक, अनिता पाण्डे, गंगा गुरुङ, प्रकाश खतिवडा र शालिकराम पाण्डे निर्वाचित भएका छन् । ग्रेटर नेपाल साप्ताहिक थापा अध्यक्ष रहेको यस टीमको कार्यकालको शुभकामना ब्यक्त गर्दे नवनिर्वाचित सबैमा वधाइ दिन चहान्छ ।

## कलाकारहरूको...

भारततर्फ राखेर सार्वजनिक गरेको विषय नेपाली राष्ट्रियतामाथि ठाडो हस्तक्षेप भएको सो ज्ञापनपत्रमा उल्लेख छ । यी भूभाग फिर्ताका लागि कलाकारका तर्फबाट माग गरिएको छ ।

'इतिहासदेखि नै नेपालको दुवै छिमेकी भारत र चीनसँग सौहार्दपूर्ण सम्बन्ध रहँदै आएको छ तर भारतको पछिल्लो हस्तक्षेपकारी प्रकरणले दुई छिमेकीबीचको सम्बन्धमा दरार सिर्जना गरिदिएको छ । भारतीय शासकवर्ग नेपाल भारत सम्बन्धलाई प्रगाढ बनाउनुको अलावा सुगौली सन्धिअनुसारको नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा लगायतका दर्जनौं क्षेत्र अतिक्रमण गर्न आइपुग्नु तथा नेपालको सार्वभौमिकतामाथि हस्तक्षेप गर्नु लज्जाजनक र खेदजनक छ' विज्ञप्तिमा भनिएको छ । स्मरण रहोस् नेपाल र इस्ट इन्डिया कम्पनीबीच ४ मार्च १८१६ को सुगौली सन्धिको धारा ५ ले नेपालको पश्चिम सीमा महाकाली नदी मानेको छ ।

## भारतको...

नरहेको र चिनियाँ राष्ट्रपतिको भ्रमणपछि नेपाल चीन सम्बन्ध अझ नयाँ ढंगले अघि बढिरहेको अवस्थामा नेपाल चीनको सम्बन्धमा तुषारापात ल्याउने उद्देश्यले प्रायोजित रुपमा तराईमा चीनविरोधी नारा लागेको बताउँछन् । अहिले राष्ट्रियताको सवालमा हिमाल, पहाड, मधेस एक ठाउँमा उभिएको अवस्थामा कालापानीको मुद्दा अर्कैतर्फ मोड्ने षड्यन्त्रकारीहरुको उक्साहटमा चीन विरोधी नारा लागेको यादवको ठहर छ । स्थानीय प्रशासनले बिनाकारण उच्छृङ्खल गतिविधि गर्नेमाथि निगरानी र नियन्त्रण गर्नुपर्ने उनको भनाइ रहेको छ ।

## समृद्धिका...

पार्टीहरु जिम्मेवार हुन्छन् । लोकतान्त्रिक सरकारले निर्माण गर्ने संविधान, नीति नियम, कानुन, निर्वाचन प्रणाली आदिले सरकारका तिनै अंग व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकालाई प्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ । त्यसैले देशका सम्पूर्ण नागरिकको भविष्य निर्माता भनेको त्यस देशका राष्ट्र प्रमुख वा सरकार प्रमुखहरु नै हुन् ।

एउटा व्यक्ति वा उसको सानो समूहले राष्ट्रको सम्पूर्ण स्रोत साधन वा सम्पत्ति दुरुपयोग गर्न नसकुन् । उसको व्यक्तिगत स्वार्थ वा पारिवारिक स्वार्थ राष्ट्रको समग्र विकास, प्रगति र उन्नतिमा बलिदान बनोस् । भ्रष्टाचार कतै मौलाउन नसकोस् ।

हाम्रो देश गरिब छैन । सानो छ तर सुन्दर छ । प्राकृतिक स्रोत साधनले भरिपूर्ण छ । त्यसैले त हाम्रा कवि महाकविहरु हाम्रो प्राकृतिक सुन्दरताको बयान गरेर कहिले थाक्दैनन् । यहाँका कलकलाउँदा छहरा, झरना नदीनाला, तालतलैया देखेर लाखौं पर्यटकहरु त्यसै मन्त्रमुग्ध भएका होइनन् । पर्यटनको क्षेत्रमा नेपालले अकल्पनीय फड्को मार्न सक्ने सम्भावनालाई नकार्न सकिन्न ।

हामी हाम्रो जल सम्पदामा विश्वमै दोस्रो राष्ट्रमा दर्ज भएका छौं । यहाँ खनिज धातुहरु कति छन् कति उत्खनन् गर्न साधन स्रोतको कमी मात्र भएको हो । भर्खरै दैलेखमा पेट्रोल पम्पको अपार सम्भाव्यता देखिएपछि चिनियाँ कम्पनीहरुसँग नेपालले सम्झौता गरेमुताबिक काम धमाधम भइरहेको छ । यदि हामी अब पेट्रोलमा आत्मनिर्भर हुन सक्यौं भने सधैंभरि भारतको मुख ताक्नुपर्ने छैन ।

बजेट बिनियोजन, वितरण र परिचालन पारदर्शी बनोस् । कसैमाथि अनियमितताको आरोप नलागोस् । भ्रष्टाचार, ढिलासुस्ती जस्ता कुरा जरैदेखि उलेखेर फालियोस् । कर्मचारीतन्त्रमा कार्य तत्परता र सेवाभाव बढेर जाओस् ।

शान्तिसुरक्षाको क्षेत्रमा कसैले कहिले प्रश्न गर्ने ठाउँ नहोस् । हाम्रा सुरक्षाकर्मीहरु हाम्रै सेवामा अहोरात्र खटिरहेका छन् । आपराधिक मनोवृत्ति हाम्रैभित्रै जन्मिन्छ । अपराध गर्न हामी नै उद्यत हुन्छौं अनि कसरी हुन्छ शान्तिसुरक्षा । सुरक्षाकर्मीले पनि त आफ्नो काम कर्तव्य त गर्नैपर्‍यो । बालशोषण, महिला हिंसा, यौन हिंसा आदि हामीभित्रै सिर्जित मनोवृत्तिहरु हुन् ।

विकास निर्माणका ठूलठूला आयोजना, परियोजनाहरुको ठेक्का कमिशनखोरहरुको हातमा नपरोस् । ठेक्का प्रणाली विधिसम्मत होस् । भरपर्दो र दिगो होस् । समयमा आयोजनाहरु सम्पन्न हुन् । त्यसको प्रतिफल जनताले पाउन् । यति गर्न सके किन मेलम्ची, कुलेखानी, त्रिशुली, अरुण, काभेली परियोजनाहरुको सारंगी सधैं रेटिरहनुपर्थ्यो नेपाली जनताले ।

वैदेशिक रोजगारमा जाने आप्रबासी नेपालीहरुले पठाएको रेमिट्यान्सले झन्डै देशको आधा अर्थतन्त्र नै धानेको होला । तर वैदेशिक रोजगारीको समस्या यहाँ झन् डरलाग्दो छ । बर्सेनि लाखौं युवा रोजगारीका लागि विदेसिन्छन् । तर उनीहरुको न त रोजगारीको ग्यारेन्टी छ, न जिउधनको सुरक्षा नै । म्यानपावर कम्पनीहरु र कामदारहरुबीचको बैमनस्यता झन् झन् बढ्दो छ । श्रम मन्त्रालयले यसतर्फ गम्भीर हुनैपर्ने बेला आएको छ ।

यातायातमा सिन्डिकेट, सडकका खाल्डाखुल्डीले सवारीमा पारेको प्रभाव, खानेपानी, सडक बत्ती, महँगी, भ्रष्टाचारी, अनियमितता, अपारदर्शिता, अपराधको न्यूनीकरण, सामाजिक न्याय, शान्तिसुरक्षा सीमा सुरक्षालगायत अहिलेका जल्दाबल्दा समस्या समाधान गरी जनताका यी आधारभूत आवश्यकता पूरा गर्न सके मात्र नेकपा नेतृत्वको सरकारको 'सुखी नेपाली समृद्ध नेपालको' महाअभियान सफल हुन सक्छ ।

---

यात्रा संस्मरण

# मथुरा वृन्दावन यात्रा-१६



**खोमदत्त बराल**

समाजलाइ आफ्नो गतिमा छोड्दिनु पर्छ । बाबु तिमी मोटायौं । यसो खानु हुदैन । बाबु लोग्ने मानिसले कुण्डल लगाएर हिड्न ठिक होइन । जस्ता कुराहरुलाइ नियन्त्रणको डोरीले कस्न सकिदैन कठिन छ । यी सबै कुराहरुलाई आफ्नो सोच अनुकूल बनाउँन खोज्नु पनि ज्यादति हुन्छ । आफ्ना क्षमता बाहिरको काम गर्नु उचित हुदैन । तागतले भ्याउँदैन । यसो भए पछि आफूलाइ दिगदार लाग्छ पिर हुन्छ । मनले नचिताएको कुरा भयो । सुधार गर्न सकिएन भनेर पिर मान्नुको कुनै तर्क छैन । यसैले स्वतन्त्र बिचलामा बाधा पार्ने कोशिष गर्नु भनेको आफ्नो तागत मात्र गुमाउनु हुन्छ ।

यसैले गर्दा आज Au india instituteon of medical sciences मा पनि गइयो । Private OPD medical science मा पनि गइयो रहेनछ । लामो लाइन । दिनभरी बसेर पनि डाक्टर राम्रो नपाएमा उत्तिकै पिर रहने नै भयो । समय असपताल सांची नै नामूद अस्पताल भए पनि ब्यबस्थापनको पक्ष क्षमता बाहिरको कुरो भयो । धेरै लामो लाइन । निकासको प्रकृया के हो । धेरै मानिसलाइ सेवा पुऱ्याउन गाह्रो पर्ने । गाउबाट आएका मानिस छन् । जुत्ता चप्पलको पहुच पनि गाह्रो हुने मानिसले दबाइ पानीको खर्च कसरी धान्ने होला । सर्बसाधारण जन्ताको पहुँचबाट टाढा रहेको स्पास्थ्य शिक्षाको सेवा कसरी गर्छ । स्वास्थ राम्रो नहुने मानिसले राम्रो कमाइ गरेर पेट भरी खान पाउँदैन । पेट भरी खान नपाए स्वास्थ रहन सक्दैन । गरीविको दुष्चकमा फेसको मानिसहरुको जयातले देश बिकाशमा कसरी सहयोग गर्न सक्लान् र । एम्स अस्पतालमा लाइन लनगेर फेसका जनताको अबस्थाले यस्तै कुराको प्रमाण पेश गर्दै थियो । हामी त काठमाण्डौंबाट केही जो हो गरेर आएकोले खर्च गरेर भएपनि तोकिएको समयमा फिर्नु पर्ने भएकोले उमाजीको रोगको परिक्षण गर्न एपोलोमा गइयो । एम्स अस्पताल भित्रबाट बाहिर गेट सम्म छोड्न दुई चार निला गाडीको ब्यबस्था गरेको रहेछ । हामीलाइ पनि चौकिदारले गाडी ड्राइभरलाई भनेर दुई नम्बर गेट सम्म पुऱ्याइ दियो । गेटबाट बाहिर निस्केर टेम्पो खोजियो । टेम्पोले सय रुपैया लिने कम्बर कस्यो । कति फरक पर्दे रहेछ मिटरमा जानलाइ हाम्रो आदेश भयो । तर उसले अझ बार्गेन गर्दै थियो । उसले आकेको भन्दा आधा भन्दा पनि कम गरेर पचास मात्र भनेपछि उसैले मिटरमा जान खुशि भयो । टेम्पोले लग्यो । निकै बाटो रहेछ । ठ्याक्कै बहत्तर रुपैया भयो । पचहत्तर रुपैया दिएर सरिता बिहारमा स्थित एपोलोमा पुगियो । मुटु देखाउने ठाउँमा हृदय केन्द्र भनेर लेखिएको रहेछ । फारम भर्न लगाइयो । फारम भरेको एकै छिनमा डा. राजपुत आइपुगे । राजपुतलाई सामन्ती शासनकालमा सवारी भयो भन्ने थियो । आजकाल मानब अधिकार बादीहरुले सबैको समान हैसियत र इज्जयत भन्ने भएकोले कसैले पनि अतिरिक्त सम्मान दिइ रहनु पर्दैन । डाक्टरले बिगतको इतिहास सोधपुछ सुरु गरे । राजपुर ठहरे । अलिअलि सामन्ती संस्कार र बैभव बोलीबाट पनि झल्किन्थ्यो । हामी भित्रै रहेको बेलामा पाँच सात वटा फोनको आदान प्रदान भयो । बातै बातमा सबै कुरा भइ सके पछि डाक्टरले पहिला नै खिचिएको डिस्केट भिडियोको पनि जाँच गरे । डिस्केटको भिडियो जाँचमा एउटा शाखा नसामा अलिकति सुकेको छ । यसले खासै केही समस्या पार्दैन । सास फेर्न असजिलो भएको भन्ने उमाजीको सिकापतमा डाक्टरले यसको कारण सास फेर्न अप्ठेरो भएको होइन । डाइभिटिज, एस्थमा या अरु कुनै कारण हुन सक्दछ । भनेर पहिला देखि खाँदै गरेको दबाइको निरिक्षण र परिक्षण पनि गरे । यति गरे पछि डाक्टरले डा. बिमल छाछेडको सन्दर्भको एउटा कार्ड भेटे । यो कहाबाट पायौं भनेर शंकाको स्वरमा डाक्टर राजपुतले सोधे । हामीले पनि एउटा साथीको श्रोतबाट पाएको बताइयो ।

*(क्रमशः)*

---

# भक्ति थापा संग्रहालय बनाउने तयारी



उत्तरी लमजुङको मर्स्याङ्दी गाउँपालिका-३ ढंगैबेंसीमा निर्माण गरिएको भक्ति थापा पार्कलाई थप व्यवस्थित गर्न सरोकारवालाबीच छलफल भएको छ ।

सरदार भक्ति थापाको जन्मस्थल रहेको मर्स्याङ्दी-३, ढंगैबेंसीमा निर्माण गरिएको भक्ति थापा पार्कको थप संरक्षण संवर्द्धन तथा विकास गर्ने उद्देश्यले सरोकारवालाबीच छलफल भएको हो । सरोकारवालाको भेलाले केही वर्ष अघिमात्रै निर्माण गरिएको भक्ति थापा पार्कमा करिब नौ आना जग्गा थप गरी पार्कको थप व्यवस्थापनका लागि डीपीआर तयार गर्ने विषयमा निर्णय भएको मर्स्याङदी-३, का वडाध्यक्ष प्रेम बस्नेतले बताए ।

सरदार भक्ति थापाको जन्मस्थल लमजुङको खुदीस्थित ढंगैबेंसीमा अर्द्धकदको शालिक निर्माण भएको छ । शालिकसँगै संग्रहालय निर्माणमा जुट्ने तयारी रहेको भक्ति थापा जन्मस्थल संरक्षण संवर्द्धन तथा विकास समितिले जनाएको छ । पार्क क्षेत्रमा भक्ति थापा नामक संग्रहालय स्थापना गरी सरदार थापाको योगदान तथा जीवनीको विषयलाई सुरक्षित राख्ने तयारी भएको समितिले जनाएको छ । नेपाल एकीकरण र अंग्रेज नेपाल युद्धका नायक सरदार भक्ति थापाका सन्ततिले उनलाई राष्ट्रिय विभूति घोषणा गर्न सरकारसँग माग गर्दै आएका छन् । राष्ट्रिय अखण्डताका लागि अन्तिम प्राणसम्म योगदान दिने सरदार भक्ति थापा राष्ट्रको गहना भएको र उनलाई राष्ट्रिय विभूति घोषणा गरिनुपर्ने उनीहरूको माग छ ।

मर्स्याङदी-३, साविक खुदीमाथि ढंगै गाउँमा जन्मिएका भक्ति थापा तत्कालीन लमजुङका राजा वीरमर्दन शाहको सरदार थिए । नेपाल एकीकरणको दौरानमा गोरखाली संगको अन्तिम युद्धमा पराजित भएपछि उनी नेपाली फौजका सरदार भै नेपाल एकीकरण अभियानमा सामेल भएका थिए । भक्ति थापाले नेपाल-अंग्रेज युद्धमा ७३ वर्षको वृद्ध उमेरमा देउथलको किल्लामा नेतृत्व गरेका थिए । ७३ वर्षको उमेरमा नेपाली सेनाको नेतृत्व गर्दै बेलायती तालिमप्राप्त सैनिक फौजमाथि हमला गरेका भक्ति थापा देशभक्ति व्यक्ति हुन् ।

देउथलमा अंग्रेजविरुद्ध तरबारसहित तीन सय सेना लिएर युद्ध गरेका थापाको १८७८ मा अंग्रेजको गोली लागेर मृत्यु भएको थियो । अंग्रेज सेनाले वीर गोर्खालीको संज्ञा दिए पनि विश्वकै १४ जनामध्येको वीर योद्धालाई नेपाल सरकारले अहिलेसम्म राष्ट्रिय विभूति घोषणा गर्न नसकेको उनीहरूको गुनासो छ । भक्ति थापाले १८३९ मा लमजुङ सेनाबाट गोर्खा सेनासँग युद्ध लडेको र पछि पराजित भएपछि नेपाल एकीकरणमा सहयोग गर्दै नेपाली सेनामा भर्ना भएको इतिहास छ । भक्ति थापा जन्मस्थल संरक्षण समितिको आयोजनामा भएको छलफलमा मर्स्याङ्दी गाउँपालिकाको अध्यक्ष अर्जुन गुरुङ, उपाध्यक्ष होमबहादुर विश्वकर्मा लगायतको उपस्थिति थियो । समितिले आगामी पुस १२ गते साधारणसभा गर्ने निर्णय गरेको वडाध्यक्ष बस्नेतको भनाइ छ ।